# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



यशोधराले पहिलो पटक भगवान् बुद्धको पाउमा शिर राखी वन्दना गर्नुहुँदै

वर्ष-३८; अङ्क-१०

बु.सं. २५६४, मिला पुन्हि

*आवरण चित्र परिचय*

# यशोधरा

**– कल्याण मित्र सत्यनारायण गोयन्का**

अनुवाद- **वीर्यवती**

यशोधराको विशेष गुण विषयमा भगवान् बुद्ध अज्ञात हुनुहुन्थेन । त्यसैले उहाँ स्वयं यशोधराको निवास स्थानमा जानुभयो । महाराज शुद्धोदन पनि उहाँको भिक्षापात्र बोकी साथै जानुभयो । सारिपुत्र र मौदगल्यायन पनि साथै जानुभयो । भगवान् बुद्धले उहाँका ती दुवै मुख्य शिष्यहरूलाई राजकन्या यशोधराले जुन तरिकाले भगवान् बुद्धलाई वन्दना गरे पनि उनीलाई नरोक्नु भनी भन्नुभयो ।

कुनै नारीले एक गृहत्यागी श्रमणको शरीरलाई स्पर्श गर्न सक्दिनन् । पाऊलाई समेत छुन सक्दिनन् । तर भगवान् बुद्ध त साधारण श्रमण मात्र होइन अरहन्त हुनुहुन्छ, सम्यक सम्बुद्ध हुनुहुन्छ । कुनै नारी उहाँको पूर्व पत्नी नै किन नहोस् उनीले उहाँको शरीरलाई कसरी स्पर्श गर्न सक्छिन् र ? तर महाकारुणिक भगवान् बुद्धको मनमा असीम मैत्रीपूर्ण भावना उर्लन थाल्यो । देवी यशोधरा आइन् र भगवान् बुद्ध समक्ष बसिन्, भगवान् बुद्धको दुबै पाउ पकडी उनको इच्छा अनुसार वन्दना गरिन् । यस अवस्थालाई कसैले पनि रोकेनन् ।

यसपछि महाराज शुद्धोदनले देवी यशोधराको विशेष गुणलाई संक्षिप्तमा यसरी बयान गर्नथाले –

१) जब तिमीले घर-गृहस्थ त्याग्यौ र दरवार फर्किने कुनै सम्भावना थिएन, तब राजवंशका अनेक राजकुमारहरूले यशोधरासँग सम्वन्ध गाँस्न चाहे । तर मेरी पुत्रीले उनीहरूतर्फ आँखा उठाएर पनि हेरिनन् ।

२) तिमीले श्रमण भेष धारण गरी कपाल खौरेको समाचार जब मेरी पुत्रीले सुनिन्, तब मेरी पुत्रीले पनि उनको कपाल खौरिन् ।

३) जब तिमीले गेरु वस्त्र धारण गऱ्यौ भन्ने समाचार सुनिन् त्यसबेला देखि मेरी पुत्रीले पनि नरम राजसी वस्त्रालंकार त्याग गरी खस्रो गेरु वस्त्र धारण गरिन् ।

४) जब तिमीले एक छाक मात्र भोजन ग्रहण गऱ्यौ भन्ने समाचार सुनिन्, त्यसबेला देखि मेरी पुत्रीले पनि एकछाक मात्र भोजन ग्रहण गरिन् ।

५) जब तिमीले विलासी आरामदायी एवं ठूलो उचाई भएको पलंगमा सुत्न त्याग्यौ भन्ने समाचार सुनिन् त्यसवेला देखि मेरी पुत्रीले पनि कम उचाई भएको मञ्चमा सुत्ने गर्न थालिन् ।

६) जब तिमीले माला र सुगन्धयुक्त अत्तरहरू प्रयोग गर्न त्याग्यौ भन्ने समाचार सुनिन् त्यसबेला देखि मेरी पुत्रीले पनि ती वस्तुहरूलाई छुन पनि छाडिन् ।

७) जब तिमीले नृत्य, गीत र बाजा आदि आमोद-प्रमोदलाई त्याग्यौ भन्ने समाचार सुनिन् त्यसबेला देखि मेरी पुत्री पनि यिनीहरूबाट अलग्ग रहिन् ।

यो त हुनु नै थियो ।

कल्पौं पहिला जब सिद्धार्थ गौतमले तापस सुमेधको रुपमा भगवान् दीपंकर सम्यक सम्बुद्धबाट यसरी आशीर्वाद प्राप्त गर्नुभएको थियो –

"भविष्यमा तिमी (तापस सुमेध) सिद्धार्थ गौतमको नामबाट सम्यक सम्बुद्ध हुनेछौ ।" तब यशोधराले पनि त्यसबेला ब्राह्मण पुत्रीको रुपमा भगवान् दीपंकरबाट यसरी आशीर्वाद प्राप्त गरेकी थिइन् –

"उनी जन्म जन्मान्तर सुमेध तापसकी धर्मपत्नी बनी उनलाई साथदिने छिन् ।"

यी दुवै (तापस सुमेध र ब्राह्मण पुत्री) को यस जन्मबाट अर्को जन्म जन्मान्तर सम्वन्ध गाँसिने भइयो । उनीले धर्मपत्नी बनेपछि सम्यक सम्बुद्ध बन्ने कार्यमा सिद्धार्थ गौतमलाई साथ नदिने त कुरै भएन ।

यशोधराको मानसपटलमा यो पृष्ठभूमी नभएको भए उनीले आफ्नो पति (शिद्धार्थ कुमार) ले उनलाई त्यागेको अवस्थामा एक साधारण गृहणीले जस्तै विलाप गर्ने होलिन् । आफूलाई त्यागेर जाने पतिलाई सराप्ने पनि गर्लिन् । आफूले दिनहुँ गर्ने श्रृङ्गार कार्यलाई पनि त्याग्ने थिइनन् होला । अत्यन्त सुन्दरी, रुपवती युवा राजकन्या भएको कारण कुनै अरु राजकुमार छानी पुनर्विवाह गरी संसारिक सुखपूर्ण जीवन बिताउने गर्थिन् होला ।

*( क्रमश: २ पेजमा )*

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोनः ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोनः ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोनः ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोनः ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोनः ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोनः ५३५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२१

बिक्रम सम्बत् २०७७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**28th JANUARY 2021**

| वर्ष- ३८ | अङ्क- १० | मिला पुन्हि | माघ २०७७ |
|---|---|---|---|


**मूर्ख ब्यक्तिसँग संगत गर्नुभन्दा पाप नगरी अनासक्त मातङ्गराज नाम गरेको हात्तिले जस्तै एक्लै विचरण गर्नु उत्तम ।**

**काम परेको अवस्थामा उपकार गर्ने मित्र नै सुखकर हुन्छ, आफूलाई प्राप्त भएको लाभमा सन्तोष हुन सक्नु पनि सुख नै हो। जीवन क्षय हुने अवस्थामा पुण्य सुखकर हो । यी बाहेक अन्य जति पनि दुःखहरू छन्, ती सबै दुःखको अन्त्य गर्नसक्नु सबभन्दा ठूलो सुख हो ।**

**आमाबुबालाई सेवा गर्नु सुखकर हो । श्रमणत्त्व पनि सुखकर हो । (पाप रहित हुनु) ब्राह्मणत्व पनि सुखकर नै हो ।**

**जीवनभर शीलपालन गर्नु सुख हो । स्थीर श्रद्धा हुनु सुख हो । प्रज्ञा प्राप्त हुनु पनि सुख हो । पाप नगर्नु पनि सुख नै हो ।**

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - धर्मानुकूलको राज्य शासन | – | ३ |
| ३) | धर्मकीर्ति पत्रिकाको विशेष सदस्य | – | ४ |
| ४) | भगवान् अरहन्त हुनुभयो | – सत्यनारायण गोयन्का | ४ |
| ५) | प्रश्न उठियो मेरो मनमा | – उपासक नाती महर्जन | ६ |
| ६) | सधैं सम्झनुपर्ने तीन कुराहरू | – भिक्षु अश्वघोष महास्थविर | ७ |
| ७) | स्वार्थी बन्नु हुँदैन | – भिक्षुणी धम्मवती | ८ |
| ८) | न्हिथं लुमंके | – कृष्ण देवी बज्राचार्य | ९ |
| ९) | काली उपासिका | – अनुवादिका भिक्षुणी वीर्यवती | १० |
| १०) | कट्टहास जातक | – प्रकाश बज्राचार्य | ११ |
| ११) | मां लुमंका | – लेलिन शाक्य | १२ |
| १२) | नष्टशील तिमीहरू | – शुभवती गुरुमां | १३ |
| १३) | जातकय् न्ह्यथनातःगु इको सिस्टम | – सुनिता मानन्धर | १४ |
| १४) | धर्मकीर्ति विहार - गतिविधि | – | १६ |
| १५) | आवरण चित्र परिचय - यशोधरा | – कल्याण मित्र स.ना.गो. | अगाडि कभर भित्री |


## आवरण चित्र परिचयको बाँकी अंश ... ...

तर यशोधरा त बोधिसत्वको जन्म जन्मान्तरकी धर्मसंगिनी थिइन् । त्यसैले उनीबाट यस्तो अधार्मिक कार्य कसरी हुन्थ्यो । उनीलाई राम्ररी थाहा थियो उनको पतिले कुन महान् उद्देश्यको लागि राजदरवार त्यागेको हो भन्ने कुरो । त्यसैले उनीले विलाप गर्नुको बदला उहाँको उद्देश्यको सफलताको मंगल कामना नै गरिरहिन् ।

पछि यशोधरा, महाप्रजापती गौतमीको साथ रही भगवान् बुद्धको सहयोगबाट भिक्षुणीसंघ स्थापना कार्यमा सहयोगिनी बनिन् । अनेक दुःखी नारीहरूको कल्याण कार्यमा सहायिका बनिन् । आफू स्वयंम् भवभुक्त अरहन्त अवस्था प्राप्त गरी जीवन सफल पारिन् भने अरुलाई पनि यस मार्गमा लाग्न प्रेरणा प्रदान गरिन् । यस्तो धर्ममयी थिइन् राहुल- माता यशोधरा ।

## बुद्धहरूको मूल शिक्षा

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं"

अर्थ- **"कुनै प्रकारका पापकर्म नगर्नु,
कुशल (राम्रो) काम गर्नु र
आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।"**

**Not To Do Evil, To Cultivate Merit,
To Purify One's Own Mind.**

भावार्थ- **"पाप कर्म नगर्दैमा पुग्दैन र कुशल
कर्महरू मात्र गरेर पनि पुग्दैन ।
मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।"**

## ▪ सम्पादकीय ▪

# धर्मानुकूलको राज्य शासन

भगवान् बुद्ध भन्नुहुन्छ –

**"धम्मचारी सुखं सेति"**

अर्थात्– "धर्म आचरण गर्ने व्यक्ति सुखपूर्वक सुत्न सक्छन् ।"

*- धम्मपद १६८-१६९ लोक वग्ग*

**"सब्बं रट्ठ सुखं सेति, राजा चे होति धम्मिको"**

*- अङ्गुत्तर निकाय १,४.७० अधम्मिकसुत्त*

अर्थात्– जब राज्य शासक धार्मिक हुनेछ, तब सारा राष्ट्र सुखपूर्वक सुत्न सक्छन् ।

यस गाथाले भनिरहेको छ, जनताको सुखको लागि राज्य शासक धार्मिक हुन आवश्यक रहेछ ।

यस विषयलाई प्रकाश पार्नुहुँदै भगवान् बुद्धले आफ्नो पूर्व जन्मको घटना यसरी उल्लेख गर्नुभएको पाइन्छ । यस घटनाबाट हामीले आदर्श लिँदै आ-आफ्नो जीवन सुखमय बनाउन सकौं ।

एक देशमा महाविजित नाम गरेको पराक्रमी राजाले राज्य शासन चलाउँदै थियो । उसको राज्यकोष धन सम्पत्तिले सम्पन्न थियो । एकदिन उसले एक महान यज्ञ गर्ने सोच्यो । त्यसैले उसले आफ्नो राजपुरोहितलाई बोलाई आफ्नो इच्छा व्यक्त गर्‍यो । तर राजपुरोहित धर्मको अर्थ बुझेका ज्ञानी थिए । त्यसैले उसले भन्यो –

"महाराज ! तपाईंले अहिलेसम्म राज्य शासकको जिम्मेवारी राम्ररी निभाउनु भएको देखिंदैन । किनभने देशका ठाउँ ठाउँमा चोरी, डकैती, लुटपाट र हत्या हिंसाका घटनाहरू घटिरहेका देखिन्छन् । बाटामा बगलीमाराहरूको पनि त्यत्तिकै विगविगी देखिन्छन् । यस्तो अशान्तपूर्ण देशमा गरिएको यज्ञ पवित्र मानिन्दैन । राजपुरोहितको यो कुरो सुनी राजाले भन्यो –

"त्यसो भए मैले ती अपराधीहरूलाई कठोर दण्ड दिन लगाउने छु । उनीहरूको अपराधपूर्ण कुकर्महरूलाई जाँच बुझ गरी उनीहरूलाई देश निकाला गरिदिनेछु ।"

राजाको यो कुरो सुनी पुरोहितले भन्यो– "महाराज ! यति गर्ने बित्तिकै देशको समस्या सुल्झिने देखिंदैन । जबसम्म देशका जनताहरूमा गरीबी, बेकारी र बेरोजगारीको समस्या रहन्छ, तबसम्म तिनीहरूको आधारभूत आवश्यकता परिपूर्ति हुन नसकेको समस्या विद्यमान नै रहनेछ । फलस्वरुप बाँच्नकै लागि भएपनि चोर, डाँकु, लुटेरा र हत्यारा बनी कमाउने व्यक्तिहरू खाली हुने छैनन् । त्यसैले राज्यमा रहेका जनताहरू मध्ये जसले पशुपालन र खेतीपाती जस्ता कार्यमा रुची राख्छन्, उनीहरूलाई मल, बीऊ देखि लिएर आवश्यक सरसामान समय समयमा उपलब्ध गराई सहयोग गर्न अत्यावश्यक छ ।

यसरी नै ब्यापार कार्यमा रुची राख्ने जनतालाई लगानीको लागि आवश्यक पूँजीको ब्यवस्था र सुविधा मिलाइदिन आवश्यक छ । जसले नोकरी गर्न चाहन्छ, उसलाई उचित तलब र भत्ताको प्रबन्ध मिलाई राज्यको कुनै पनि विभागहरूमा खटाई काम मिलाइदिन आवश्यक छ । यसरी जनताहरूलाई इमान्दारी पूर्वक काम गरेर जीवन गुजारा गर्ने ब्यवस्था मिलाइदिन सके बेइमानीपूर्वक कमाउने अवस्था सृजना हुने छैन ।

राजपुरोहितको न्यायपूर्वकको धर्ममा आधारित सल्लाह सुनी राजाको आँखा खुलियो र यस सल्लाह मुताविक राज्य शासनमा सुधार ल्याउन थाल्यो । फलस्वरुप यस कार्यले देशको अशान्तपूर्ण वातावरण शान्तिमा परिवर्तन हुन थाल्यो । जनताको जीवनस्तर समृद्ध बन्दै गए । जनताको समस्या बुझिदिने राज्य शासकको कार्यबाट प्रभावित जनताले उनलाई आफ्नै

आदरणिय पूज्य बुबाको दृष्टिले ब्यवहार गर्न थाले । यसरी राज्य शासक र जनता बीच परस्पर सुमधुर सम्बन्ध जोडिन थाल्यो । त्यस अवस्थामा राज्य शासक र जनता बिचको एकाग्रताको सूत्र झन झन् बलियो भएको कारणले एकता नै बल हो भन्ने उखानले चरितार्थ गर्न पुग्यो । यहाँ "समग्गान तपो सुखो" अर्थात् मिलिजुली बस्न पाउनु नै स्वर्गीय सुख हो भनी भगवान् बुद्धले दिनु भएको ज्ञानपूर्ण सल्लाहले ठाउँ लियो ।

त्यति मात्र होइन उक्त राजासँग आफ्नै बलशाली चतुरंगिनी सेना पनि मौजुद भएको कारणले र जनता र राजा बिच बलियो सुमधुर सम्वन्धका कारणले छिमेकी देशले नराम्रो नजर लगाउने आँट गर्न सकेन ।

त्यसैले यस घटनाले भनिरहेको छ, राज्य शासन धार्मिक हुन अत्यावश्यक छ । भगवान् बुद्धले पनि शासकिय नीति धर्ममा आधारित हुनुपर्ने विषयमा जोड दिनुभएको देखिन्छ । एक आदर्श शासक कस्तो हुनुपर्छ ? एक आदर्श राज्य कस्तो हुनुपर्छ भन्ने विषयमा उहाँले धेरै ज्ञान र सल्लाह दिनुभएको छ । उहाँको यस सल्लाह आजसम्म पनि त्यत्तिकै सान्दर्भिक देखिन्छ ।



**धर्मकीर्ति पत्रिका विशेष सदस्य**

*क्र.सं. ९००*

**चित्तलक्ष्मी ताम्राकार**

महाबौद्ध, काठमाडौं

रु. ४,०००/–

# भगवान् अरहन्त हुनुभयो

✍ **सत्यनारायण गोयन्का**

अरिको अर्थ हुन्छ शत्रु । हन्तको अर्थ हुन्छ हनन् गर्ने, विनाश गर्ने । यसर्थ अरहन्त अथवा अरिहंत (अर्हत) को अर्थ त्यो व्यक्ति जसले आफ्नो दुश्मनलाई हनन् गरेको अर्थात् त्यसलाई विनाश गरेको भन्ने हुन्छ । शत्रु को हो त ? कोही बाहीरी व्यक्ति कसैको दुश्मन हुन सक्दैन । असली दुश्मन त आफू भित्र नै हुन्छ । सही अर्थमा भन्ने हो भने आफू भित्रको मनोविकार नै व्यक्तिको वास्तविक दुश्मन हुन्छ । अतः जसले आफू भित्रको सारा मनोबिकारलाई नष्ट गर्दछ उही सही अरअन्त हो । भगवान बुद्ध पनि यही अर्थमा अरहन्त हुनुहुन्थ्यो । सबै प्रकारका विकारहरूलाई जन्म हुने प्रश्रय दिने प्रमुख विकार मोह हो । मोह अर्थात अज्ञान, अविद्या । अन्य बिकार कहिले जाग्यो होस नै हुदैन । प्रत्येक विकार त्यतिकै कष्टदायक हुन्छ । क्लेशदायक हुन्छ । होश छ भने कसैले आफूलाई कष्ट किन दिन खोज्छ ? किन क्लेश बनाउन खोज्छ ? जब बोधि जाग्छ तब होश जाग्दछ - भित्रको होश । तब अज्ञान हट्दै जान्छ । अन्ध्यारोमा उत्पन्न हुने विकास स्वतः टाढा हुँदै जान्छ । मोहको अन्धकारमा जन्मने र उत्पन्न हुने विकारहरूमा प्रमुख राग र द्वेष हुन् । अन्य सारा विकार यी दुई विकार बाट नै उत्पन्न हुने सन्तान हुन् । अतः जसले राग, द्वेष र मोहलाई नष्ट गर्दछ, त्यसको जरासम्म उखालेर फ्याक्छ ऊ सारा बिकारबाट मुक्त हुन्छ । बुद्ध यस्तै विकारबाट विमुक्त अरहंत हुनुहुन्थ्यो ।

**यो खो, आवुसो, रागक्खयो, दोसक्खयो,**
**मोहक्खयो - इदं वुच्चति अरहन्तं ।**

*( सं.नि. २.४.३१५, अरहन्तपञ्हासुत्त )*

- आयुष्मान, यह जो रागक्षय, द्वेषक्षय, मोहक्षय हुन्छ त्यसलाई अरहत्व भनिन्छ ।

भित्र विकारको गाँठो बनिरहेको हुन्छ जसबाट मानिस ग्रस्त हुन्छ । अविद्याको अंन्धकार हट्यो भने अथवा राग द्वेषको विकार हट्यो भने अन्य आश्रव अर्थात विकारहरू पनि हट्दै जान्छ । भित्रको गाँठो आफै फुट्किदै जान्छ र नितान्त निर्मल हुनथाल्छ । यस्तो व्यक्ति नै सारा दुःखबाट विमुक्त हुन्छ ।

**यसं रागो च दोसो च, अविज्जा च विराजिता ।**
**खीणासवा अरहन्तो, तेसं विजटिता जटा ।**
*( सं.नि.१.१.२३, जटासुत्त )*

- जसको राग र द्वेष हटिसक्यो, अविद्या खतम भइसक्यो, ऊ क्षीणास्रव भएको अरहंत व्यक्ति जटाबाट पूर्णतः मुक्त भइसकेको हन्छ ।

अविद्या हट्यो भने राग हुँदैन । राग भएन भने द्वेष हुँदैन । अरहंत भयो भने द्वेष हुँदैन । द्वेष हट्यो भने रागबाट, अविद्याबाट र अन्य सबै प्रकारका द्वेषहरूबाट स्वतः मुक्त हुन्छ जो व्यक्ति दोषबाट र द्वेषबाट मुक्त हुन्छ उसैलाई अरहन्त भनिन्छ । यस्तो व्यक्तिको क्लेश नष्ट भइसकेको हुन्छ, पूर्नजन्म हुने भयानक दुःख विपाक, भविष्यमा जन्म जरा र मृत्यु दिलाउने पापमय अकुशल धर्म हटीसकेको हुन्छ । यस्तो व्यक्ति निर्मल निर्लिप्त हुन्छ । अनास्रव हुन्छ ।

**सुखिनो वत अरहन्तो, तण्हा तेसं न विज्जति ।**

- अरहन्त ब्यक्ति सुखि हुन्छ, किनकि तिनमा तृष्णा अर्थात् राग, द्वेषको नामोनिशान हुँदैन ।

तिनमा न प्रिय वस्तु प्राप्त गर्ने रागरुपी तृष्णा हुन्छ, न अप्रिय बस्तु देखि टाढा रहने द्वेषरुपी तृष्णा हुन्छ ।

एक पटक भगवान आलवी राष्ट्रमा गाई आवागमन गर्ने बाटो छेऊको रुख मुनी स्याउलाको आसन विछाएर आराम गरिरहनु भएको थियो । त्यस समयमा हत्थक आलवक घुम्दै त्यहाँ आइपुगे र उसले भगवानलाई देखेर सोधे भगवान के तपाईं सुख पूर्वक सुत्नु भयो ? भगवानले उत्तर दिनु भयो - अँ, कुमार म सुखपूर्वक सुतें । भगवानले अगाडि भन्नुभयो, संसारमा सुखपूर्वक सुत्नेहरू मध्ये म पनि एक हुँ । फेरि आलवकले भन्यो - हेमन्त ऋतुको यस्तो जाडो रात छ । माघ फागुनको यस्तो समय छ । अहिले हिमपात हुने मौसम छ । गाईको खुरले मजबुत बनाएको यस्तो भूइँ त्यसमाथि स्याउलाको पातलो विछ्यौना । रुखमा पातहरू निक्कै कम छन्, चारैतिर बगेको ठण्डी हावा त्यसमाथि तपाईंको पातलो काषाय वस्त्र, तपाईं कसरी सुख पूर्वक सुत्नु भयो ?

भगवानले भन्नुभयो- एक जना गृहस्थ ब्यक्ति बन्द कोठामा नरम र बाक्लो विछ्यौनामा तकिया राखेर सिरक ओडेर सुत्छ तर उनी काम रागको अग्नीले जलेको हुनसक्छ अथवा रागजन्य दाह उत्पन्न भएको कारण त्यसबाट जलेर दुःख पूर्वक सुत्छ ।

तथागतका राग प्रहीण भइसक्यो, नष्ट भइसक्यो रागको जरा उखेलिसक्यो, टाउको काटिएको ताड रुख झैं अब त्यसमा केहि पनि उब्जिने छैन । यस्तो वीतराग अरहन्त सुख पूर्वक नै निदाउँछ ।

एउटा अर्को प्रसंग

अनाथपिंडिकले राजगृहमा भगवानलाई पहिलो पटक भेट्न गएको समय थियो । रात बित्न अझै बाँकि थियो भगवान खुला ठाऊँमा चंक्रमण गरिरहनु भएको थियो उनले भगवान संग सोधे– भन्ते, भगवान के तपाईं सुख पूर्वक सुत्नु भयो ?

यस्को उत्तर दिनु हुँदै भगवानले भन्नु भयो– जो अनासक्त भइसकेको छ, जो निर्मल भईसकेको छ उनी काम रागमा लिप्त हुँदैन र निर्वाणको परिपूर्ण साक्षात्कार गरेको ब्यक्ति सधैं सुखपूर्वक सुत्छ । सारा आसक्ति नष्ट गरेर, भय दूर गरेको ब्यक्ति संधै सुख पूर्वक नै सुत्दछ । मुक्त, अनासक्त, अरहंत सुख पूर्वक नै निदाउँछ ।

जो अरहंत भइसक्यो उसले अंह अथवा 'ममं' अर्थात् 'म' र 'मेरो' भन्ने शब्दको प्रयोग त गर्दछ तर त्यो केवल लोक ब्यवहारको लागि मात्र हुन्छ । अहं, ममंमा उसलाई कुनै आसक्ति हुँदैन । नितांत अनासक्त भाव राखेर लोक ब्यवहारको लागि यी शब्दहरूको प्रयोग गर्दछन् किनकि अब उनी संसार प्रति सर्वथा निर्लिप्त हुन्छ, निःसंग हुन्छ, निरासक्त हुन्छ ।

भगवान् बुद्धलाई भेटेर परिब्राजक सभियले आफ्नो उद्गार यसरी ब्यक्त गरे कि सुन्दर श्वेत कमल जसरी पानीमा अलिप्त रहन्छ त्यस्तै भगवान पूण्य र पाप दुबैबाट अलिप्त छ ।

तथागत दश विषयहरूबाट निरासक्त, निस्संग र विमुक्त रहेर विहार गर्नु हुन्छ । रुप, वेदना, संज्ञा, संस्कार, विज्ञान, जाति, जरा, मरण, दुःख र क्लेश यी दश प्रकारका विषयहरूबाट निर्लिप्त, निरासक्त, निःसंग र विमुक्त रहेर विहार गर्नु हुन्छ । यस्तो निर्मल, निःसंग र निर्लिप्त ब्यक्ति कुनै गोपनीय काम गर्न नै सक्दैन । लुकि-छिपी कुनै पापमय दुष्कर्म गर्न सक्दैन । वास्तवमा यस्तो ब्यक्तिलाई पाप-कर्म गर्ने अवस्था नै आइपर्दैन त्यसैले सुखपूर्वक अगोपनीय रहेर जीवन यापन गर्दछ । यस अर्थमा त्यस ब्यक्तिलाई अरहं भनिन्छ ।

जो व्यक्तिले दुष्कर्म गर्दैन, उसले के लुकाउने ? जस्को मानसिक, वाचिक र कायिक कर्ममा कुनै बिषमता छैन, दुर्व्यवहार छैन यस्तो व्यक्तिले खुला र स्पष्ट जीवन जिउँदछ। जो व्यक्ति एउटा सोचेर अर्को भन्छ, गर्छ अर्को भने त्यस्तो व्यक्तिले बाहिर-बाहिरबाट आफूलाई ढाक-छोप गर्नु पर्ने हुन्छ, आफूलाई धर्मात्मा देखाउन देखावटी बन्नु पर्ने हुन्छ भित्रबाट कुकर्म गरिरहेको हुन्छ। परन्तु, अरहन्त व्यक्तिले यस्तो किन गर्छ ? ऊ त बाहिर र भित्र एक समान हुन्छ। उसको जीवन स्वच्छ, स्पष्ट र पारदर्शी हुन्छ। उस्ले भन्नु र गर्नुमा कुनै भेद भाव गर्नु आवश्यक नै पर्दैन। कसैले जाँचेर हेरे पनि कशीमा घोटेर हेरे पनि उसलाई केही फरक पर्दैन, उस्को जीवनमा लुकाउनु पर्ने छोप्नु पर्ने केही हुँदैन। त्यसैले अरहंत, "अर हंत" हुन्छ। जो पूज्य हुन्छ, वन्दनीय हुन्छ। त्यसैले संसारमा उनी जिन कहलाउँछ। भगवान जिन हुनुहुन्छ। जसले आश्रवक्षय अवस्था प्राप्त गरिसक्यो सबै पापलाई जितीसक्यो।

भगवान् कसरी जिन हुनुभयो ?

बोधि-वृक्ष मुनि देव-पुत्र मृत्युराज मार माथि विजय प्राप्त गर्नु भई भगवान जिन हुनुभयो। पापी मारलाई पराजय गरेर बुद्ध विजयी हुनुभयो। परन्तु यो विजय कुनै सांसारिक शस्त्र धारण गरेर होइन, धर्मको अनुपम शस्त्रद्वारा भएको हो। भगवान् बुद्धले आफ्नो अनेक पूर्व जन्ममा संचित गर्नु भएको पारमिताको बल द्वारा मार माथि बिजय हासिल गर्नु भएको हो। यो धर्ममय जीत आफू भित्र उपलब्ध गर्नुपर्छ। बाहिरको युद्ध भूमिमा जित्ने व्यक्ति सही अर्थमा जिन होइन। हजारौं पटक हजारौंलाई संग्राममा जित्नु भन्दा स्वयं आफूलाई जित्नु उत्तम हुन्छ। बुद्धले स्वयं आफूलाई जित्नु भयो आफ्नो मनको विकारलाई जित्नु भयो यही श्रेष्ठ जीत हो। अन्य प्रज्ञालाई जित्नुको अपेक्षा आफू माथि विजयी प्राप्त गर्नु श्रेष्ठ हुन्छ।

अरहन्त प्राप्त गरेको व्यक्ति मृत्युराजको मारको क्षेत्रबाट बाहिर निस्किन्छ, उनको भव-भ्रमण छुट्दछ। अव जन्म मरण चक्र नष्ट भइसकेको हुन्छ। यो जन्म नै अरहन्तको अन्तिम जन्म हुन्छ यस जन्मको मृत्यु नै उसको अन्तिम मृत्यु हुन्छ। पुनः न अब कुनै जन्म हुन्छ न कुनै मृत्यु नै हुन्छ। अरहंत भएको व्यक्तिको यही बोधि हो किउसले जन्म मरणको भवचक्रलाई आफ्नो अनुभवद्वारा जानेको हुन्छ यस भवचक्रको कारणलाई आफ्नो अनुभवद्वारा थाहा पाउँदछ र त्यसको कारणलाई हटाउने प्रयास गर्दछ र भवचक्रलाई तोड्दछ।

**गहकारक दिट्ठोसि, पुन गेहं न काहसि।**

- घर बनाउनेलाई देखिसकें अब नयाँ घर बनाउन सक्दैन। संसारको श्रृजना गर्ने वा मृत्यु पछि फेरि जन्म दिलाउने न कोही देवता छ न ब्रह्मा नै। हेतु-प्रत्यय अर्थात् कारण र कार्यको नियम अनुसार स्वतः प्रवर्जित हुन्छ। अर्थात् प्रकृतिले बनाएको नियम अनुसार स्वतः भवचक्र चलिरहन्छ। बार-बार जन्मनु र बार-बार मर्नु, बार-बार चितामा जल्नु - यो क्रम चलिरहन्छ। परन्तु जन्म मरणको यस चक्रलाई तोडेर व्यक्ति बुद्ध बन्दछ, अरहंत बन्दछ। भगवान यी सबै बन्धनबाट मुक्त हुनुहुन्थ्यो।

■

*(साभार- बुद्ध वर्ष २५४६, वर्ष १९, अङ्क ३, २०५९ असार)*

# प्रश्न उठियो मेरो मनमा

✍ **उपासक नाती महर्जन**, पुल्चोक

दुःखै दुःखले भरिएको यस संसारबाट मुक्त हुने कहिले ?
भव सम्पत्ति र भोग सम्पत्ति प्राप्त भएपछि हो ?
अज्ञानता रुपी संसारलाई जान्ने कहिले ?
उच्च कोर्षको अध्ययन गरिसके पछि हो ?
मिथ्यादृष्टिबाट मुक्ति प्राप्त हुने समय कहिले ?
सबै सम्प्रदायको धर्म अध्ययन गरेपछि हो ?
यो भवचक्रबाट पार हुने दिन कहिले ?
भौतिक सुखमा भुल्दै गएपछि हो ?
मानिस सर्वश्रेष्ठ हुनसक्ने काम कुन हो ?
आन्दोलन गर्दै पटक पटक पुत्ला जलाएपछि हो ?
धनाढ्य व्यक्ति कसलाई मान्ने हो ?
मृत्यु वरण गर्नुपर्ने अवस्थालाई विर्सने व्यक्तिलाई हो ?

✪ **"सारा संस्कार दुःख हो" (अर्थात् जे जति उत्पन्न हुन्छन्, ती नाशवान् हुनुको कारणले दुःख नै हो)। यस (सत्य) लाई जब कोही व्यक्ति प्रज्ञा (विपश्यना) द्वारा देख्दछ (थाहा पाउँदछ), तब उसलाई सबै दुःखबाट निर्वेद प्राप्त हुन्छ (अर्थात्, दुःख क्षेत्रप्रति उसको भोक्ताभाव टुट्दछ)। यो विशुद्धि (विमुक्ति) को मार्ग यस्तो छ।** – ***धम्मपद***

# सधैं सम्झनुपर्ने तीन कुराहरू

✍ भिक्षु अश्वघोष

कर्तव्य पालन गर्नु नै धर्म हो भन्ने विषयलाई बुझेको एक समझदार व्यक्तिले आफ्नो कर्तव्य पालन गर्ने पक्षलाई नै बढि महत्व दिने गर्छ। भगवान् बुद्धले भन्नुभएको छ, "कर्तव्य पालन गर्नु नै धर्म पालन गर्नु हो।" धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने दस्तुर रहेको हुन्छ। यो प्रकृतिको नियम हो। धर्म मूर्तिमा होइन कर्तव्य पालनमा लुकेको छ। यही कर्तव्य पालनको क्रममा आफ्नो भाग्य निर्माण गर्नको लागि ३ वटा कुराहरूलाई सधैं सम्झने हामी मानव जातीको कर्तव्य हुन आउँछ। ती यसरी छन् –

१) आमा बुबाको अनन्त गुण सम्झी उहाँहरूलाई आदरपूर्वक सेवा गर्नु।

२) आफू एकदिन बुढाबुढी बन्दै अशक्त हुँदै जानेछ भन्ने प्रकृतिको नियमलाई सम्झने गर्नु।

३) आफ्नो शरीर परिवार, धन सम्पत्ति र घरवार सबै त्यागी एकदिन गर्नुपर्ने अवस्थालाई सम्झने गर्नु।

भगवान भन्नुहुन्छ –

"माता पितु उपट्ठानं एतं मंगल सुत्तमं" अर्थात् आमाबुबाको अनन्त गुण सम्झी उहाँहरूलाई सेवा गर्नु मङ्गल कार्य हो।

आमा बुबा छोराछोरीको लागि चर्तुब्रह्म विहार गुण (मैत्री, करुणा, मुदिता र उपेक्षा) ले सम्पन्न पवित्र व्यक्ति हुनुहुन्छ। उहाँहरूले आफ्ना छोराछोरीलाई ५ प्रकारका कर्तव्यहरू पालन गरी हुर्काएका हुन्छन्। त्यसैले हामीले आमाबुबाको गुणलाई कदापि विर्सनु हुँदैन।

आफ्नो सन्तानको लागि आमाबुबाले ५ वटा कर्तव्यहरू पालन गरेको कार्यलाई आमाबुबाले आफ्ना सन्तानलाई दिएको ५ वटा ऋणको रुपमा लिइएको छ। यही ऋणको आधार लिई सन्तानले आफ्नो जीवन निर्माण गर्दछ। ऋण लिएर बनाएको जीवनबाट सन्तानले आफ्ना बृद्ध बृद्धा आमाबुबालाई ५ प्रकारले नै सेवा गरी ऋण तिर्नु पर्दछ। जसले ऋण तिर्छ, उ कर्तव्य पालन भएको इमान्दार सन्तान ठहरिन्छ। कर्तव्य पालन गरेको व्यक्तिलाई मात्र धर्मले साथ दिने दस्तुर रहेको हुन्छ। जसलाई धर्मले साथ दिन्छ उ अवश्य भाग्यमानी बन्छ। यस विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि गृही विनय पुस्तक अध्ययन गर्न सकिन्छ।

मानिसहरू बृद्ध बृद्धा हुँदै गएपछि अशक्त हुन्छन्। कालो टल्किएको कपाल फुल्दै फुस्रो र सेतो हुँदै जानेछ। कानले सुन्ने शक्ति हराउँदै जानेछ। आँखाले देख्ने शक्ति गुमाउँदै जानेछ। ढाड कुप्रिँदै जानेछ। स्मृति कम हुँदै जानेछ। शुद्धि बुद्धि हराउँदै गई छोराछोरी, नाती नातिनाको लागि खेलौना बनेर बस्नुपर्ने करुणाजनक अवस्था समेत आइपर्दछ।

त्यति मात्र होइन रोगी भएर बाँच्नुपर्‍यो भने त नर्कतुल्य जीवन बिताउनुपर्ने हुन्छ। आफूलाई जान मनलाग्ने ठाउँमा जान सक्दैन। आफ्नै परिवारको लागि बोझ भएर बस्नुपर्ने हुन्छ। यस्तो अवस्थामा आफूलाई कस्तो अनुभव हुने हो, त्यो अनुभव गर्ने व्यक्तिलाई मात्र थाहा हुन्छ।

हुनत यहाँ आ-आफ्नो कर्मफलको पनि कुरा आउँछ। त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– "कम्म विसयो अचिन्तेय्यो" अर्थात् हामी जस्तो साधारण मानिसको मगजमा कर्म र कर्मफलको विषयमा चिन्तन मनन गर्ने शक्ति हुँदैन।

बुद्ध शिक्षानुसार हामीले आफ्नो शरीर निरोगी बनाई राख्नको लागि सकेसम्म सजग र सचेत रहनु पर्छ। रोग नलागेसम्म आफ्नो खुशी। रोग लागेपछि हाम्रो केही लाग्दैन। त्यसैले हामीले ठीक समयमा पचाउन सकिने मात्रामा उचित आहार सेवन गर्नुपर्दछ। हाम्रो स्वास्थ्यको लागि हामी हुने खाना सेवन गर्नु खतरनाक हुनेछ। पथ पहरेजमा बस्न सकेमा मात्र धेरै वर्षसम्म निरोगी भई जीवन बिताउन सकिने छ। निरोगी पूर्वक जीवन बिताउन पाउनु नै ठूलो सुख र लाभ हो।

विर्सन नहुने अर्को कुरा हो –

यस संसारमा जन्मेका सबै प्राणी एकदिन मर्नुपर्ने हुन्छ। यसलाई कसैले पनि विर्सन मिल्दैन। तर धेरैजसो व्यक्तिले यो प्राकृतिक नियमलाई सम्झन चाहँदैनन्। मर्नेबेला फालेर जानुपर्ने धन सम्पत्तिको मोहमा फँसी

*( क्रमशः ९ पेजमा )*

# स्वार्थी बन्नु हुँदैन

✍ **भिक्षुणी धम्मवती**

मानिसहरू बढी स्वार्थी बन्नु हुँदैन । स्वार्थ पुरा गर्न खोजेमा एकातिरबाट नाफा भए जस्तो देखिएता पनि अर्को तिरबाट नाश गराएर बस्नु पर्ने हुन सक्छ । त्यसैले स्वार्थ पुरा गर्नमा मात्रै पनि लाग्नु हुँदैन । आफ्नो स्वार्थमात्रै पुरा गर्न खोजेमा के हुन सक्छ भन्ने बुझाउन पहिले घटिसकेको एक कथा प्रस्तुत गर्दछु –

एकादेशमा एक जना धेरै धनाढ्य साहु थियो । उसका दुई जना छोरा थिए । उसका छोराहरू दुई जना दुईतै स्वभाव र तालका रहेछन् । जेठो छोरो खुब दयावान् र धर्मात्मा थियो । कान्छो चाहिं खुब निर्दयी र स्वार्थी थियो । छोराहरू दुई जना दुईतै स्वाभावका हुनाले बाबु चाहिंलाई आफू मरिसके पछि आफ्नो धन सम्पत्ति एकजनाले मात्रै छल गरेर लेला भन्ने पीर र चिन्ता थियो । त्यसैले जे चीज किने पनि दुई दुईटा किन्ने गर्दथ्यो, पछि गएर स्वार्थी कान्छो बढी लिन नपाउने गरी सकेसम्म मिलाएर आमा बाबु दुबै परलोक भए । छोरा दुई जना मात्रै बाँकि रह्यो ।

आमा बाबु परलोक भैसके पछि जेठाले स्वार्थी भाईलाई चित्त बुझाउनै सकेन, त्यसरी चित्त बझाउन नसकिने भएपछि दाजुले भाइलाई भन्यो– “भाइ, तिमीलाई मैले चित्त बुझाउन सक्दिन । म अलग्ग बस्छु, स्वार्थीहरूलाई जत्ति दिए पनि चित्त बुझ्दैन । मलाई पनि परिवार पाल्नु छ ।” भनेर अलगै बस्न गयो । भएको धन सम्पत्ति, घर, जग्गा आदि सबै बाँडे । गाउँ गाउँमा दिइ राखेको ऋणको पैसा मात्रै बाँकि रह्यो । त्यसैले हामी दुबै मिलेर एकपटक बुबाले ऋणमा दिइराखेको पैसा उठाउन जाऔं । तिर्न सक्नेहरूले सकेसम्म साँवा समेत दिएर ल्याउने छन् नसक्नेहरूले ब्याज मात्र भए पनि तिर्नेछन् । अनि उठाउन बाँकि जम्मै बाँडेर आउँला । तिम्रो भागमा परेको तिमी नै लिन जाउ । मेरो भागको मै लिन जान्छु । अहिले एक चोटिलाई हामी सँगै जाऔं भनेर दाजु भाइ दुबै हिंडे । गाउँ गाउँमा डुलेर पैसा उठाई दाजु चाहिंको रूमालमा पोको पारे । घर पुगे पछि बाँडेर लिउँला भनेर दाजु चाहिं ढुक्क बसे । बाटामा खानलाई भनेर गाउँमा बस्ने नाता कुटुम्बहरूले उनीहरूलाई खाना पनि दिएर पठाए । अनि दुबै दाजुभाई एउटा नदीको किनारमा पुगे । उनीहरूको घर जान डुङ्गामा बसेर नदि तर्नु पर्ने रहेछ । डुङ्गा थिएन । डुङ्गा नल्याए सम्मन् खाना खान सिध्याऔं भनेर खानाको पोको फुकालेर दुबैले खाए । तर भाइ चाहिंले खाना निल्नै सकेन । उसको मनमा एउटै चिन्ता थियो– “कसरी त्यो दाजुले ल्याएको धनको पोको आफु एक्लैको हातमा पार्न सकिएला । दाजुले दिंदा त आधी आधी मात्रै दिनेछ । धन सबै आफ्नो गर्नलाई के उपाय गर्नु पर्ला ?” भनेर योजना बनाइ राख्यो । त्यसैले उसले “मलाई भोक छैन दाजु” भने यताउता केहि पाइन्छ कि भनेर खोज्न गयो । त्यहाँ एकातिर माटाको घ्याम्पो एउटा फुटेको मिल्काइराखेको देखेर उसले सोच्यो– “अब चाहिं बेस हुने भयो ।” त्यो घ्याम्पोको टुक्राहरूलाई पैसा जस्तै चक्का चक्का बनाई ती जम्मै पैसा पोको पारेको रूमाल जस्तै देखिने अर्को रूमालमा पोको पार्‍यो । त्यो पोको पनि पैसाको पोको जत्रो पार्‍यो । अनि त्यो पोको आफ्नो लुगा भित्र छोपेर ल्यायो । दाजुले केही चाल पाएन ।

दाजु चाहिँले आफूले खान चाहेको जति खाई सिध्याएर बाँकी कसलाई दिउँ भनेर खोज्दा कोही माग्नेहरू नदेखेर नदिमा बस्ने माछाहरूलाई खुवाए । अनि यस्तो आशिका गर्‍यो – यो माछाहरूलाई खुवाएको पुण्य यहाँ नजिकै बस्ने देवताहरू प्रमुख सबै मानिसहरूलाई प्राप्त होस्, यसो भनेर पुण्य अनुमोदन गरि राख्यो । पछि डुङ्गा ल्यायो । दाजुभाई दुबै डुङ्गामा बसेर नदि तर्न थाले । नदि तर्दा तर्दै दाजु चाहिंलाई निद्रा लागेछ । भाइलाई चाहिं कहिले आफूसँग भएको घ्याम्पो - टुक्राहरूको पोको राखेर पैसाको पोकोसँग बदलन पाइएला भन्ने चिन्ताले गर्दा निद्रा लागेन । दाजु चाहिं सुतिराखेको बेलामा घ्याम्पो - टुक्राहरूको पोको बिस्तारै निकालेर पैसाको पोको सँगै राख्यो । तर दाजु ब्यूंझने पो हो कि भन्ने डरले दाजुको अनुहार हेरी हेरी पोको भनेर लिएको त उहि आफूले राखेको घ्याम्पो - टुक्राहरूको पोको नै लिएर आफ्नो लुगाको पोकोमा लुकाए । उसलाई हर्ष लाग्यो । “पैसाको पोको मेरो लुगाको पोको भित्र हाली हालें । टुक्राटाक्रिको पोको दाजुको अगाडि छँदैछ । दाजुले हेर्दा

घ्याम्पोका टुक्राहरूमात्र देख्यो भने मलाई नै शंका गरेर मेरो लुगाको पोको फुकालेर हेर्नेछ। त्यसैले त्यो टुक्रा टाक्रि भएको पोको पानीमा खसालि दिनु पऱ्यो।" भनेर डुङ्गा अलि ढल्केको बेलामा त्यो पोको खसालि दियो। अनि उ चिल्लाएर दाजुलाई उठाइकन भन्यो– "हेर्नोस् दाई ! पैसाको पोको खस्यो।" दाजुले पानीमा हेर्दा पैसाको पोको देख्यो। तैपनि पानीमा ओर्लेर पोको लिन जान सक्ने होइन। अनि भाई चाहिंलाई भन्यो– "भाइ, त्यो पैसा हाम्रो रहेन र खस्यो। भएको भई हाल्यो। मनमा पीर नलेउ।" भनेर धैर्य गरेर भनि राख्यो।


भाइचाहिंले बाहिरबाट मात्रै चित्त दुखेको जस्तो अनुहार बनाई राख्यो। भित्रबाट चाहिं दाजुलाई छलेर पैसाको पोको हातमा पारिसकें भनेर ढुक्क भई बसि राख्यो।

आ-आफ्नो घर पुग्यो। भाइचाहिं दाजुलाई छलेर पैसाको पोको हातमा पारें भनी हर्ष भएर स्वास्नीलाई "यो धनको पोको हिफाजत साथ राख्नु" भनेर दियो।

पैसाको पोको लिने स्वास्नी चाहिंको मन स्थिर रहेन। कतिको पैसा रहेछ, गनेर मात्रै भित्र राखुँ भन्ने बिचारले पोको फुकालेर हेर्दा त पैसाको पोको भनेर दिएको त घ्याम्पोका टुक्राहरूको पोको पो रहेछ। अनि हत्त न पत्त गई लोग्ने कहाँ भन्न गईन – "मलाई दिनु भएको कहाँको पैसाको पोको हो र ? त्यसमा त घ्याम्पोका टुक्राहरू पो छन्।"

दाजुलाई छलौं भन्दैमा आफै छलियो। यो कुरा दाजुलाई सुनाउनु पनि भएन। उसको मनमा झन डाहा भै राख्यो।

त्यसैले यो कथाले भनिरहेछ कि स्वार्थी बन्नु हुँदैन। स्वार्थी बनेर एकातिरबाट लाभ गर्न खोज्दैमा अर्कोतिरबाट उल्टो आफूलाई नोक्सान गराएर बस्नु पर्ला। ■



**सधैं सम्झनुपर्ने तीन कुराहरू ... ...**

आफ्नै दाजुभाईसँग झैं-झगडा गरी मुद्दा मामिलामा फँसिरहेका हुन्छन्। त्यतिमात्र कहाँ हो र ? मृतक व्यक्तिको लास अगाडि राखी दाग बत्ति नै नदिइकन अंशको लागि घाँटी समात्दै झगडा गरिरहेको घटना पनि घटिरहेकै छ।

गृहस्थ व्यक्तिहरू मात्र होइन त्यागी जीवन बिताइरहेका भिक्षुहरू समेत भौतिक धन सम्पत्तिको मोहमा फँसी तँछाड मछाड गरी झैंझगडा गर्न पछि पर्दैनन् अहंकारी र अभिमानी बन्दै शत्रुभाव र द्वेषभावको सहारा लिन पुगिरहेका हुन्छन्। एकदिन मर्नुपर्ने प्राकृतिक नियमलाई विर्सन पुगेको चिन्ह हो यो।

त्यसैले भगवान बुद्ध भन्नुहुन्छ– एकदिन मर्नुपर्ने यस जीवनमा तिमीहरू मनपरि असँयमीपूर्वक झगडा गर्दै व्यर्थै जीवन नबिताउनु। वेहोसी नवन। एकदिन रोगी हुनुपर्ने, बुढाबुढी हुनुपर्ने मात्र होइन एकदिन यो शरीर, आफ्नो परिवार र धनसम्पत्ति सबै त्यागेर मृत्युको वसमा जानुपर्ने घटनालाई नविर्सनु।" ■

## न्हिथं लुमंके

✍ **कृष्ण देबी वज्राचार्य**

सुथय् दनेवं मिखा प्वाःचालेवं,
झलक्क लुमनी व प्यंगू धाम।
बृद्धया जन्म लुम्बिनी वन,
बुद्धत्व प्राप्ति बुद्ध गया स्थान।
धर्मचक्रप्रवर्तन सारनाथ वन,
महापरिनिर्वाण कुशीनगर वन॥

लासाय् च्वना तुं द्यने न्ह्यः नं,
अथे हे सुथय् न्ह्यलं चाय्व नं।
वन्दना याय् थ्व शुद्ध नुगलं,
सुथ-बहनी सदां सदां नं॥

✪ **"अनर्थ पदले युक्त हजारौं गाथा पढ्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि गाथा पढ्नु उत्तम हुनेछ। जुन गाथा पढेर शान्ति प्राप्त हुनेछ।" – धम्मपद**

# काली उपासिका

अनुवादिका - **भिक्षुणी वीर्यवती**

जसले आफ्नो छोरालाई जन्म देखि नै त्रिरत्नको मङ्गलमय उपदेश तर्फ प्रेरित गरिन्, जसले आफ्नो छोरालाई एक स्थविरको रूपमा देखेर मन हर्षित गरिन्, त्यस भाग्यशाली माताको नाम थियो, काली उपासिका ।

कालीको जन्म राजगृहको एक धनाढ्य परिवारमा भएको थियो । उनी बाल्यकाल देखि नै हँसिली, र कठिन काम पनि सजिलो मानेर खुशीसाथ सम्पन्नगर्ने स्वभावकी थिइन् । शिक्षाको साथसाथै घरायसी कामकाजमा पनि उनी निपुण थिइन् । यौवन अवस्थामा पुगिसकेपछि उनीलाई अवन्ति जनपदका एक धनी परिवारको युवकसंग बिबाह गरिदियो । बिबाह पछि काली आफ्नो स्वामीसंग अवन्ति जनपदको कुरर नाम गरेको एउटा नगरमा रहन थालिन् । त्यहाँ उनको कात्यायनी नाम गरेकी एकजना श्रद्धालु महिलासंग मित्रता भयो । त्यस महिलाको गुण, स्वभाव र उमेर पनि उनीसंग मिल्दो जुल्दो थियो । कालीले कात्यायनीलाई त्रिरत्नको विषयमा जानकारी दिने गर्थिन् । अनि कात्यायनी पनि त्यस विषयबारे श्रद्धापूर्वक ध्यान दिएर सुन्ने गर्थिन् ।

उत्तम शीलमय जीवन बिताउँदै घरगृहस्थी गरिरहेकी काली उपासिका एकदिन गर्भवती भइन् । आफ्नो कुलको चलन अनुसार पहिलो शिशुलाई जन्म दिनको निम्ति उनी आफ्ना मातापिताको घर राजगृहमा गइन् ।

एक रात काली उपासिका आफ्नो कोठाको झ्यालबाट झलमल्ल उज्यालो राजगृह नगरको रमणिय दृश्य हेरिरहेकी थिइन् । रातको प्रथम प्रहर बितिसकेको थियो । अन्धकार रातमा सन्नाटा बिस्तारै छाइरहेको थियो । झलमल्ल बलिरहेको बत्तिको प्रकाश घरका झ्यालहरूबाट आइरहेको थियो । त्यही नीरवतामा हराइरहेकी उपासिका कालीले सातागिरी र हेमवतले गाएको त्रिरत्न गुणगान सुनिन् । उनी मन्त्रमुग्ध भई त्यो आवाज सुनिरहिन् । बुद्धको गुणगान सुनेर उनको मन अत्यन्त हर्षित भइरहेको थियो । हुन त उनलाई भगवान् महाकारूणिकको दर्शन गर्ने अवसर प्राप्त भएको थिएन । तैपनि श्रद्धा विभोर भई त्रिरत्नको गुणगान सुन्दासुन्दै उनी श्रोतापन्न भईन् ।

गर्भको शिशुलाई पनि आमाको उत्तम भावनाको सद्-प्रभाव पर्न गयो । कालीले एउटा गुण सम्पन्न सुन्दर बालकलाई जन्म दिएर अवन्ति जनपदमा फर्किन् । उनको दैनिक समय घरको कामकाज साथसाथै शील एवं उपदेश पालन गर्नुमा ब्यतित हुन्थ्यो । आमाको असल प्रभाव बालकलाई पनि पर्न थाल्यो । अनि त्यस बालक ठूलो भएपछि साधनामय जीवनलाई नै असल जीवन मानेर प्रव्रज्या ग्रहण गर्न गए ।

कालान्तरमा त्यही बालक धर्मज्ञान प्राप्त गरी स्थविर कुटिकण्णसोण नामले प्रख्यात भयो । जेतवन विहारमा भगवान् शास्ताको दर्शन गरी जब आफ्नो जन्मस्थल कुरर घरमा आइपुग्यो, त्यसबेला उनकी जननी काली र माता सरहकी कात्यायनी (कालि उपासिकाकी संगिनी) ले हृदयदेखि उनको स्वागत गरे । फेरि उनीहरूले धर्म उपदेश सुन्ने ईच्छा पनि व्यक्त गरे ।

नगरको एउटा सुन्दर मण्डपमा नरनारीहरू उनको उपदेश सुन्नको लागि जम्मा भइराखेको थियो । उपासिका काली र कात्यायनीले श्रद्धापूर्वक त्रिरत्न पूजा गर्ने बन्दोबस्त गर्न थाले । सबै नरनारीहरू त्यहाँ जम्मा भइराखेको कारण नगरमा छाएको शुन्य अवस्थाको फाइदा उठाइ चोरहरू त्यहाँ चोर्न आए । भित्ता फोडेर चोरप्वाल खन्न शुरू गरे । चोरहरूले कात्यायनीको घरमा पनि चोरप्वाल खने । चोरको सरदार एकजना धर्मदेशना भइरहेको ठाउँमा आएर त्यहाँको गतिबिधि बुझ्न आए । संयोगवस् उ काली र कात्यायनी बसिराखेको ठाउँमा उनीहरूको पछाडि उभिन पुगे ।

पूजाको समय हुन लागेको थियो । कात्यायनीले आफ्नी सेविकालाई घरमा गएर धूप दीप इत्यादि ल्याउन अऱ्हाइन् । सेविका घर पुग्दा चोरहरूले भित्ता फोडेर घरको ढुकुटीबाट अमूल्य धनसम्पत्ति चोरेर लान ठिक्क पारिराखेको देखे । त्यस्तो दृष्य देखेर उनी डराइन् । आफूलाई सम्हालेर उनी आफ्नी मालिकनी समक्ष गई घरमा चोर छिरेको कुरा बताइन् । चोरको सरदारले त्यो कुरा सुन्यो, अनि उसले बिचार गरे– “यदि ती स्वामिनी घरमा गईन् भने त्यसलाई त्यहिँ दुई टुक्रा पारिदिनेछु ।”

*( क्रमशः १२ पेजमा )*

# कट्टहास जातक

✍ प्रकाश बज्राचार्य

अन्तमा झगडा भैहाल्यो । अघिदेखि नै खिचिखिचित चलिराखेको थियो, अब त झगडा भैहाल्यो । एक दुईपल्ट हात चलिसकेपछि अरू बच्चाहरूले ती झगडा गरिरहेका दुइजना बच्चाहरूलाई छुट्याइदिए । तर यतिबेलासम्म चोट खाने बच्चा रून थालिसक्यो । "बाबु नभएको बच्चाले मलाई कुट्यो" भन्दै रूँदै गरी त्यो केटो घर फर्क्यो ।

अर्को बच्चालाई रिस उठेको कम भएको छैन । उसलाई "बाबु नभएको बच्चा" भनेर जिस्काएकोले नै झगडा गर्नुपरेको थियो, अब त्यसै भन्दै रूँदै जाँदा झन रिस उठ्यो । केही नबोली मुख ठूलोपारी घर फर्के ।

निन्याउरो मुख लाएर फर्केको छोरो देख्नासाथ आमाचाहिंले केही गडबड छ भनेर बुझिहाली । सोधी "के भो छोरो ?"

"आमा, साथीहरू मलाई बाबु नभएको बच्चा भनेर जिस्काउँछन् । के मेरो बाबु छैन र आमा ?" छोरोले सोधिहाल्यो ।

आमाचाहिं निरुत्तर भई । केही बोलिन ।

"भन्नुस् न आमा, मेरो बुबा को हो ?" छोरोले ढिपी गर्‍यो ।

लामो सुस्केरा हाली आमाचाहिंले भनी "छोरो, वास्तवमा तिमी यो देशको राजको छोरो हो । तिमी राजकुमार हो । राजा नै तिम्रो बुबा हो । म पनि राजाकी पत्नी हुँ । तिमी पेटमा छँदाखेरी राजाले आफ्नो औंठी फालेर छोरीलाई पाल्नु, छोरो जन्मेमा औंठीसंगै छोरोलाई लिएर मकहाँ आउनु भनेको थियो ।"

"त्यसोभए जाउँन आमा, बुबाहहाँ ।" छोरोले भने ।

आमाचाहिं बिचारमा डुबी ।

राजदरवारमा भैरहेको राजसभामा खलबल मच्चियो । सबैको आँखा ढोकामा उभिरहेको एक गरिब बच्चामाथि ।

"बुबा!!" फेरि त्यो बच्चाले राजालाई सम्बोधन गरे ।

राजा आफै चकित । को हो त्यो बच्चा चिन्न सकेन, न त बच्चाको संगै उभिरहेकी आइमाईलाई नै चिने ।

राजाले सोधे "बाबु, के भो तिमीलाई ।"

"मलाई छोरो भनेर बोलाउनुस्, बुबा । म हजुरको छोरो हुँ ।" बच्चाले फेरि भने । राजसभामा कानेखुसी चल्न थाले ।

"तर मेरो त कोही छोरा छोरी छैन । राजाले भने ।

बच्चाको संगै उभिरहेकी आमाचाहिंले भनी "त्यसो नभन्नुस् महाराज । मलाई बिर्सनुभयो हजुरले ? धेरै वर्ष अघि महाराज उद्यानमा घुम्न आउनु भएको थियो र म त्यही उद्यानमा दाउरा खोज्न आएकी थिएँ । त्यहीं हाम्रो गन्धर्व विवाह भएको थियो । अनि हजुरले मलाई आफ्नो औंठी दिएर भन्नुभएको थियो कि छोरो जन्मेमा यो औंठी पनि छोरो पनि लिएर मकहाँ आऊ । बिर्सनुभयो हजुरले ?

सभामा एकजनाले बिचैमा सोध्यो "के तिमीसंग औंठी छ त ?"

"छ ! हेर्नुस् यही औठी हो ।" औंठी देखाइदिए । सबैले एक अर्काको मुख हेर्नथाले ।

राजा बिचलित भयो । तर तुरुन्तै आफूलाई सम्हालेर भने, "म तिमीलाई चिन्दिन । र आफ्ना गहना र औंठीहरू बरोबर अरूलाई बकस दिने गर्छु । तिमीलाई कसरी आफ्नो स्वास्नी मान्ने ? राजसम्पत्तिको लोभमा जो पनि आफ्नो छोरोलाई राजकुमार बनाउन चाहन्छ । अज्ज त्यो औंठी पनि मेरो होइन जस्तो ।" राजाले ती गरीब आइमाई र गरिब बालकलाई अपनाउन लाज लाग्यो ।

आइमाईलाई रिस उठ्यो र भनी "महाराज । असत्य नबोल्नुस् । तपाइँले नै औंठी दिएर मलाई बचन दिनुभएको थियो । अब सत्य क्रिया नै साक्षी हुनेछ । यदि यो बच्चा तपाइँको छोरो हो भने हावामै लट्किराख्नेछ, हैन भने खसेर मर्नेछ । "यति भनी जुरुक्क आफ्नो छोरोलाई समाती हावामा हुत्याइदिए ।

आश्चर्य ! बच्चा हावामै रह्यो । खसेन । राजसभाका सबै सदस्यहरू चकित भए । राजा जिल्लियो ।

हावामा लट्किराख्ने बच्चाले भने, "बुबा ! म तपाइँकै छोरो हुँ । मलाई पालन गर्नुस् । तपाइँ त आफ्नो

जनताको पालन गर्नु हुन्छ भने आफ्नो छोरोलाई पालन गर्नु किन लाज मान्ने ?

सबै राजातिर हेरे । राजाले मुण्टो निहुरायो । अलि क्षणपछि बिस्तारै टाउको उठायो राजाले । अनि हात फैलाउँदै बच्चालाई सम्बोधन गरे, "मेरो छोरो !"

त्यो बच्चा अब राजकुमार भयो र आमाचाहिं महारानी ।

यो जातक कथा भगवान् बुद्धले कोशल नरेशलाई उसले आफ्नी महारानी वासभ खत्तियालाई दासी पुत्री भनी पदच्यूत गरेकोले भन्नुभएको हो । यसमा हावामा लट्किने बच्चा स्वयं बोधिसत्व हुनुहुन्थ्यो । ■

*( साभार- जातक कथा )*

## मां लुमंका:

✍ **लेलिन शाक्य**

जि लुमनि यःमां छं दः मायां ब्वलंकूगु
गुला भिला प्वाथय् तयाः संसार खंकूगु ।
मचायात घय्घय्पुनाः तितिपापा याःगु
इज्जत छं तैतिनि कन्हय् थ्व छँयागु
छंगु बोलि बचं यःमां सदां सिरय् तयाः
सेवा याना च्वनागु खः छम्ह पुता जुयाः
धाइ मामं पुता छिपिं मिखाया खः नानी
मन ब्वय्का न्हिला मामं मचायात क्यनी
लुकुंछी गबलें, गबलें ब्यकुं च्याइ
छंगु गुण लुमकेवं नुगः चिरिबाइ ॥

### यी भनाईहरूमा एकपटक ध्यान दिऔं ... ...

१) "जुन मानिसको ममतामयी आमा हुन्छिन्, उ कहिल्यै गरीब हुन सक्दैन ।" – *अब्राहम लिंकन*

२) "मलाई एक असल आमा देऊ, म तिमीलाई असल राष्ट्र दिनेछु ।" – *नेपोलियन बोनापार्ट*

३) "आज मैले जति गरें यी सबैका, लागि म मेरी आमा प्रति ऋणी छु ।" – *जर्ज वासिंगटन*

४) "दिल खोलेर रूनको निमित्त सबभन्दा उत्तम ठाउँ आमाको काख हो ।" – *जोडी पिकोल्ट*

### काली उपासिका ... ...

कात्यायनी ध्यानमग्न भएर सोण स्थविरबाट भगवान् बुद्धको उपदेश सुनिरहेकी थिइन् । त्यसैले उनले सेविकालाई भनिन्– "सेविका ! चोरहरूले भौतिक धन चोरेर लगे लग्नदेऊ । मैले यहाँ दिव्य धन जो प्राप्त गरिरहेकी छु । यसमा बिध्न गर्न नआऊ ।" कात्यायनीले अमृतमय उपदेशलाई महत्त्व दिई धनलाई उपेक्षा गरेकी देखेर चोरको सरदारको मन परिवर्तन भयो । उसले बिचार गऱ्यो– "चोरी गर्नु महापाप हो । यस्तो श्रद्धासम्पन्न महिलाको घरबाट चोरी गरेर लानु त निश्चय पनि लाजमर्दो कार्य हो ।" अनि त्यो सरदारले सबै घटनाहरू आफ्ना साथीहरूलाई बताउन गयो । सबै साथीहरूलाई चोरी गर्ने कार्य त्याग्न लगाई आफुसंगै सबै त्यहि मण्डपमा आए । तिनीहरूले पनि उपदेश सुन्न थाले । उपदेश सुनिसकेपछि तिनीहरूलाई आफ्नो बिगतको कार्य देखि पश्चाताप हुनथाल्यो । धर्मदेशना सकेपछि बिहानीपख तिनीहरू कात्यायनीको घरमा गई क्षमा माग्दै बिन्ति गरे– "हामीलाई पनि प्रव्रजित गरिदिनुस् ।" कात्यायनीले उनीहरूलाई मद्दत गर्ने वचन दिइन् । उपासिका कात्यायनीको अनुरोधमा काली उपासिकाकी सुपुत्र कुटिकण्णसोण स्थविरले त्यस चोर समूहलाई नै प्रव्रज्या प्रदान गरिदिए । अनि ती सबै चोरहरूले आफ्नो निन्दा हुने सबै प्रकारका काम छोडेर त्रिरत्नको शरणमा गई साधना गरी अर्हत पद प्राप्त गर्न सफल भए ।

आफ्नो पुत्रले त्यत्रो ठूलो चोर समूहलाई चोरी कार्यबाट अलग राखी साधनामय जीवन बिताउन मद्दत गरेको र उनीहरू सबैको जीवन सुधार भएको देखेर उपासिका कालीको मन हर्षले गद्गद् भयो ।

प्रसन्नतापूर्वक धर्मका कुरा सुनेर दानमय जीवन बिताएकी काली उपासिकाको श्रद्धा देखेर भगवान् तथागत प्रसन्न हुनुभयो । एकदिन उहाँ जेतवनमा विहार गरिरहनु भएको बेला काली उपासिकाको प्रशंसा गर्नुहुँदै उनीलाई अनुश्रुतिद्धारा प्रसन्न उपासिकाहरू मध्ये श्रेष्ठ पद दिलाउनु भई कृतार्थ पार्नु भयो ।

■

*( साभार- आदर्श बौद्ध महिलाहरू )*

# नष्टशील तिमीहरू ...

✍ शुभवती गुरुमां

२०५१ सालतिरको कुरो राम्रो शिक्षा एवं बुद्धशिक्षा अध्ययन गर्ने उद्देश्यले श्रद्धेय मां गुणवती गुरुमां, रत्नमन्जरी गुरुमां र धम्मवती गुरुमांको छत्रछायाँमा रहनको लागि म र मेरो साथी धर्मकीर्ति विहार बस्न आएका थियौं। एकदिन धम्मवती गुरुमांले "ए बच्चाहरू ! भन्तेलाई वन्दना गर्न आऊ" भन्नुभयो। हामीगयौं। कलेजी रंगको लुगाले शरीर पूरै ढाकेको, कपाल नभएको टाउको र मुख पूरै एकैनाशले टिलिक्क टल्केको हँसिलो अनुहार भएको मानिसलाई वन्दना गऱ्यौं। खोई के भन्नु भो ! हामीले नबुझिने भाषामा पररर। पछि नेपालीबाट 'धादिङ्गबाट आएको हो ?' भन्नु भो। 'हो' भन्यौं। 'बौद्ध जागरण शिविरमा त्यहाँका मानिसहरू पनि आउँछन्' भन्नु भो, (हामीलाई के थाहा बौद्धजागरण शिविर भनेको ? भन्ते भनेको ब्यक्ति पहिलो पटक देखेको। सबैले कपाल काटेको केटा हो कि केटी हो)।



'ल तिमीहरू राम्रोसंग पढ' भन्नुभयो। हामी फेरि वन्दना गरी गयौं। त्यही बेलादेखि भिक्षु अश्वघोष महास्थविरलाई चिन्ने मौका पाएकी थिएँ। वहाँ समय समयमा धर्मकीर्ति विहारमा जलपान, भोजन गर्न आउँनु हुन्थ्यो। त्यसरी नै धर्मदेशना गर्न र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई कक्षा लिन पनि आउनु हुन्थ्यो। बेलामौकामा धर्मकीर्ति विहारमा आवासिय रुपमा बसोबास गर्ने गुरुमांहरूलाई पनि बिभिन्न विषयमा पढाउन आउनु हुन्थ्यो। सानै भएकाले हामीले पढ्ने मौका भने पाएनौं। भन्ते आउनु हुँदा खुशी लाग्थ्यो हामीलाई। दिनमा जति पटक आउनु हुन्छ त्यति पटक नै वन्दना गर्न जान्थ्यौं। हामी श्रद्धेय भन्तेलाई कहिले पनि भन्ते भन्दैनथ्यौं, बाजे भनी सम्बोधन गऱ्यौं। हामीले बाजे भन्दा कहिले कहिले 'म तिमीहरूको बाजे हो ?' भनी ख्याल ठट्टा गर्नुहुन्थ्यो। धर्मकीर्ति विहारको अहिलेको जुन उन्नति र प्रगतिको लागि अश्वघोष भन्तेको पनि अथक प्रयास, मेहनत, सहयोग लुकेको छ भन्दा कसैको पनि दुईमत नहोला। धर्मकीर्ति विहारको जुनसुकै कार्य, कार्यक्रममा पनि भन्तेले सल्लाह सुझाब दिनमा कहिले पनि कन्जुसी गर्नुभएन।

एमाले सरकारको बेला एकपटक अश्वघोष भन्ते लुम्बिनी बिकास कोषको उपाध्यक्ष हुनुभयो। केही काम बिशेषले हामीले भन्तेसँग गाडी माग्दा, उहाँले 'यो गाडी व्यक्तिगत कामको लागि होइन, सरकारी काम गर्न आवत जावतका लागि सजिलो होस् भनी दिएको हो। व्यक्तिगत कामको लागि मैले त प्रयोग गरेको छैन, तिमीहरू अरु गाडी मगाउ' भन्नुभयो। "व्यक्तिगत कामको लागि प्रयोग गरे भ्रष्टाचार गरेको ठहरिन्छ। पञ्चशीलमा **'कामेसु मिच्छाचारा'** भन्नाले खाली परस्त्री र परपुरुषगमन नगर्ने मात्र होइन, जुनकामको लागि दिएको सामान हो, त्यसको लागि मात्र प्रयोग नगरी अन्य काममा प्रयोग गरे भ्रष्ट काम गरेको मानिन्छ।" यसरी भगवान बुद्धले सिकाउनु भएको शिक्षा आफ्नो जीवनको दैनिक व्यवहारमा लागु गर्नुहुदै उहाँ श्रमण जीवन यापन गर्नुहुन्थो।

श्रद्धेय अश्वघोष भन्ते काम विशेषले धर्मकीर्ति विहारमा बिहान, दिउँसो आउनु हुन्थ्यो। एकदिन बिहान

*( क्रमश: १५ पेजमा )*

# जातकय् न्ह्यथनातःगु इको सिस्टम

✍ सुनिता मानन्धर

भोजनय् लोभ मयासे मात्रा सिउम्ह जुइगु हे बांलाः । छाय्धाःसा मात्राछि मसिउम्ह डुबे जुयावनी । मात्राछि सिउम्ह डुबे जुइ मखु ।

थुकी भोजनया मात्रा थुइके माःगु खँ न्ह्यथनातःगु दु । थुगु खँ सुक जातकया कुचा खः । जातक धायेवं बोधिसत्वया ई खः । तथागत बुद्ध स्वयां न्हपाया ई । गुलि न्हापा एकीन धाये थाकु । तर उगु ईया खँ थौं नं सान्दर्भिक जू । थौं मनुखं नसाया मात्रा मथू । मात्रा थुइकाः नसा नयाच्वंगु नं मदु । थः यत्थें नसा नइ । म्हिगः तक ईव काल कथं नसा नयेगु चलन दुगु खः । तर थौं आधुनिकताया नामय् थ्व पुलां जुल । थःपिनि यत्थें । दुपिनि दुथें याना नसा नइ । थःम्हं नःगु नसाया ल्याःचाः सुयाकें मदु । नसा म्हयात नी मनी स्वइमखु । म्हतुया सवाः साःभिं ताकेयाइ । छु नसा गबले गुलि नयेगुया ल्याःचाः मदु । थुकथंया घटना सुक जातकय् नं न्ह्यथनातःगु दु ।

न्हापा बाराणसी देसय् ब्रह्मदत्त जुजुं राज्य याना च्वन । उगु इलय् बोधिसत्व मैनाया कुलय् जन्म जुल । व स्वंगू पर्वतय् च्वनीपिं मैनातय् जुजु जुल । वया छम्ह काय् दु । वैश वंलिसें बोधिसत्वया मिखा बमलाना वन । उकिं काय्म्हं मांबौ निम्हेसित नसा माला नकेगु यात । इमिगु बांलाक पालन पोषण याना च्वन ।

छन्हु नसा माः ववं व पर्वतया च्वकाय् थ्यन । अन समुद्र पारी वं छगू द्वीप खन । अन सुवर्णवर्णगु अँ दुगु जुयाच्वन । वं कन्हय्या नसा अनं हे हयेगु बिचाः यात ।

कन्हय्कुन्हु इलय् नसामालेत पिहां वन : व समुद्र पारी च्वंगु द्विपपाखे ब्वया वन । अनया आम्रवनय् थ्यनेवं अँया रस त्वन । पाके जूगु अतिकं साःगु अँया रस । थःम्हं त्वने फक्व त्वन । अले थः मांबापिंत नं उगु अँ हयाबिल । बोधिसत्वं अँया रसं समुद्रपारीया अँ धकाः म्हसीकल । थ्व खँ सीवं बोधिसत्वं थः काय्यात धाल– "बाबु थुगु द्विपय् वनीपिं मैना आपाः म्वाइमखु । उकिं हानं छ थुगु द्विपय् वने मते ।"

तर काय्म्हं बौया खँ मन्यं । व हानं अन हे वन । थुकथं अन वनीगु वया दिनचर्या हे जुल । छन्हुया दिं, वं अन आपालं अँया रस त्वन । मां बौयात पाके जूगु अँ नं ज्वन । व समुद्रया च्वय् च्वय् ब्वया वल । ब्वब्वं वयात त्यानुसे च्वन । प्वाः जायेक अँया रस त्वंगुलिं न्ह्यः नं वल । न्ह्यलं ब्वाब्वां व ब्वयाच्वन । न्ह्यःया सुरय् त्वाथय् च्वंगु अँ समुद्रय् कुतुंवन । वया लँपु दापा जुल । वं थः समुद्रया द्यःने लाःगु मचाल । लखय् लायेवं व ब्वये मफुत । छत्थुं लखय् च्वंम्ह छम्ह न्यां थाहां वल । न्यां वयात ज्वनाः नया बिल ।

लिहां वये माःगु इलय् तक थः काय लिहां मवल । थुकिं यानाः बोधिसत्व थः काय् समुद्रय् कुतुंवन धकाः सीकल । काय् मदयेवं मांबौपिंत नसा माला नकीपिं मन्त । नसा नये मखनाः उपिं नं गंसी जुजुं वन । छन्हु इपिं नं अथें सिनावन ।

संसारया विचित्रगु संरचना जातकय् कनातःगु दु । थन बल्लाः त्याः । छम्हनाप मेम्हसिया जीवन निर्भर । भ्रंगया नसा- फल (सिसाबुसा) उकिया रसय् निर्भर । सवाः दतकि मक्ख । तर जब व समुद्रय् दुबिन । व छम्ह न्याया नसा जुयाबिल । न्याया म्वायेगु आधार जुयाबिल, न्याया आहार जुयाबिल । थौं वैज्ञानिकतय्सं नं थज्याःगु इको सिष्टम थुइका बियाच्वंगु दु । तर जातक थौंया खँ मखु । द्वलंद्वः दँ न्ह्यःया खँ खः । थुकिं अँ, मैना (भ्रंगः) व न्याया जीवनया इको सिष्टमयात न्ह्यब्वया बिउगु दु ।

मांबौया लागिं थः सन्तान तुतां जुइ । बुराबुरी जुइवं सन्तानया भरय् जीवन हनी । जब सन्तानं बांलाःगु ज्याखं याइ, अबलय् मांबौया जीवन नं याउँसे च्वनी । जातकय् काय्म्हं मांबौया लागि सदां नसा मालाः हया बीगु खः । काय्या भलसाय् च्वंपिं मांबौ । काय्पाखें सन्तुष्ट नं जू । सदां नसा नके हः । जीवन याउँसे च्वं । आनन्द व । तर छन्हु काय्म्ह समुद्रय् दुन । मांबौ निम्हेसियां नये त्वने मखन । नसा मदयाः म्ह गना वन । निम्हं गंसि जुल । थुकिं यानाः सिना तकं वन । नसा म्वायेगु आधार खः । नसा मदयेकं प्राणी तःन्हु तक म्वाये फइमखु धइगु खँ जातकं क्यं । थ्व सत्य खः । यथार्थ व वास्तविक घटना खः । तर थौंया युग आधुनिक युग । म्हिगः स्वया विकसित ई । न्ह्यागुं इलय् न्ह्यागु

नं नसा नये दु । म्हुतुया सवाः कथं हिलाः तकं नयेदु । अझ छकू क्वथाय् च्वनाः थीथी देय्या नसा तकं नयेदु । सुथय् न्हिनय् व बहनी थः यत्थें नसां प्वाः जायेके दु । नसा नयेत छुं कथंया बन्देज मदु । न्ह्याक्व नःसां जिउ । न्ह्याबले नःसां जिउ । दुपिनि दुथें प्वाः जायेके दु । थःपिनि यत्थें । उकिं थौं नसाया कारणं ल्वचं कःपिं नं दु । थुकिं यानाः मृत्युया महुतुइ थ्यंपिं नं दु । खयत ला थुगु जातकय् नं नसाया कारणं मृत्युया म्हुतुइ थ्यंगु खँ कनातःगु दु । उकिं थुकी धयातःगु दु । गबलय् तक उम्ह मैना भ्कंगलं भोजनया मात्रा ज्ञां दयेका च्वन, अबले तब जीवनया लँय् न्ह्याःवन । मांबौया पालन पोषण नं यानाच्वन । तर गबलय् वं आपालं आपा नयेगु यात अबलय् व समुद्रय् कुतुं वन । व धात्थें मात्राछि मसिउम्ह जुल ।

प्राणीं सदां भोजनया मात्रा थुइकेमाः । मात्रा कथं नयेसःम्ह सदां निरोगी जुइ । सदां खुसी जुइ । आयु बढे जुइ । थुगु खँयात जातकय् थुकथं न्ह्यथनातःगु दु – रुखा सुखा नइम्ह जु । आपाः नइम्ह जुइमते । प्वाः तग्वः जुइका जुइमते । भतिचा आहार नइम्ह जु । प्वाथय् प्यपे न्यापेया थाय् खालि यानाः लः त्वं । थः थःम्हं संयमी जु । सुखपूर्वक म्वायेया लागिं थुलि दःसा गाः । प्राप्त जूगु भोजनया मात्रा सिउम्हसिया वेदना क्षीण जुया वनी । नसां नं याउँक पचे जुइ । व लिसें आयु नं बढे जुइ । ■

**नष्टशील तिमीहरू ... ...**

९:०० बजेतिर हामी सबैजना कुरा गरी, हाँसी खुशी जेरी स्वारी खाँदै थियौं । उहाँ भन्ते किताब एकपोका बोकेर आउनु भयो । हामी हल्ला गरिराखेको सुन्नु भो क्यारे, यसो हामीतिर मुन्टो बटारी, हात हल्लाउनु हुँदै ... "तिमीहरू अष्टशील होइनौ, नष्टशील हौ । खान पायो, खान हुने भन्दैमा बिहान भरी जहिले आए नि पकापक खाई मात्र राखेको देख्छु ? आफ्नो गर्नुपर्ने काम नगरी, बिहानको १२ बजे नहुँदासम्म खाई मात्र राख्ने ? विकाल भोजन भनेको आफ्नो शरीरलाई चाहिने मात्रामा ठीक समयमा खानु भनेको हो" भनी जानुभयो । भन्तेको कुरा सुनी हामी सबै अक्क न बक्क भयौं । हामी त "कस्तो भन्ते होला, हामीलाई नष्टशील रे" भनी रिसायौं पनि । तर पछि बुद्धका असली शिष्य, समय अनुकुल ठाउँ हेरी काम गर्ने स्वतन्त्र चिन्तक, स्पष्ट वक्ता भन्तेको कुरालाई बुझयौं र मनन गरिलियौं । **"धम्मो हवे रक्खती"** ति धम्मचारी, जसले धर्मलाई रक्षा पालन गर्छ उसलाई धर्मले रक्षा गर्छ भने जस्तै उहाँ श्रद्धेय भन्तेलाई आफ्नो अन्तिम अवस्थासम्म पनि उपासक उपासिका र शिष्यहरूबाट गरिएको सेवा सत्कारमा कमी नभएको देखियो । उहाँले अनित्यताको प्राकृतिक नियमलाई अंगाली, भौतिक शरीरलाई त्यागी चीर निन्द्रामा जानुभयो ।

अन्तमा मेरा उपाध्याय गुरु, भन्ते बाजेको गुणलाई स्मरण गरी वहाँको निर्वाण कामना गर्दछु । ■



बुद्ध जन्म भूमी लुम्बिनीमा अवस्थित पुरानो मायादेवी मन्दिर

# धर्मकीर्ति विहार — गतिविधि

## शाक्यधीता नेपालको नबौं वार्षिक साधारण सभा

*२०७७ साल मंसिर २० गते,*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन शाक्यधीता नेपालको नबौं वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ। शाक्यधीता नेपालका अध्यक्ष इन्दावती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रममा उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकारले स्वागत मन्तव्य व्यक्त गर्नुभएका थिए। यसरी नै केशावती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएपछि मेत्तावती गुरुमांले दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा सचिव मीना तुलाधरले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। कोषाध्यक्ष श्रृजना वज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएपछि उक्त कार्यक्रममा सचिव मीना तुलाधरले लेखा परिक्षकको नियुक्ति र पारिश्रमिकको निर्णय विषयमा जानकारी पनि दिनु भएको थियो।

केशावती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नु भएपछि इन्दावती गुरुमांले सभापतीको आसनबाट आफ्नो मन्तव्य प्रस्तुत गरी सभा विर्सर्जन गरिएको थियो।

सदस्यहरूको नवीकरण सम्पन्न गरिए पश्चात् उक्त कार्यक्रममा शाक्यधीता नेपालको किमडोल स्वयम्भू स्थित जग्गाको कर र नक्साको लागि शाक्यधीता बोर्डका पदाधिकारीहरू प्रत्येकले रु. ५,०००/- (पाँच हजार रुपियाँ) चन्दा प्रदान गर्नु भएका थिए। चन्दा दाताहरू यसरी हुनुहुन्थ्यो–

(१) नानी केशरी बज्राचार्य (२) अनीता मानन्धर (३) मीना तुलाधर (४) रेजीता तुलाधर (५) श्रृजना बज्राचार्य (६) प्रेमहीरा तुलाधर (७) सुमन बज्राचार्य (सदस्य)।

प्राप्त समाचार अनुसार काभ्रे जिल्ला स्थित नमो बुद्धका चितमाया लामा तामाङ्गले कोरोनाको कारणले बुबा आमाको लागि औषधि र खानाको व्यवस्था मिलाउन Ven Ayya Adhimuti लाई अनुरोध गरेनुसार अन्तर्राष्ट्रिय शाक्यधीताका पूर्वाध्यक्ष क्रिष्टी चाङ्गलाई लेखिएकोमा चाङ्गले नेपाल शाक्यधीताले केही सहयोग गर्न सकिन्छ ? भनी पठाइएनुसार शाक्यधीता नेपालका सदस्य साथीहरूको श्रद्धा बमोजिम चन्दा प्रदान गरिएको थियो। संकलित चन्दा रकम रु. १०,०००/– शाक्यधीता नेपालका सहसचिव नानीकेशरी बज्राचार्यले चितमाया तामाङ्गलाई हस्तान्तरण गरिएको कुरा बुझिएको छ।

चन्दा दाताहरूको विवरण पनि उक्त समाचारमा यसरी उल्लेख गरिएका छन् –

| | |
|---|---|
| नानी केशरी बज्राचार्य | - रु. ३०००/– |
| अनीता मानन्धर | - रु. ३०००/– |
| प्रफुल्ल ताम्राकार | - रु. १०००/– |
| सरु तुलाधर | - रु. १०००/– |
| सिलाम रञ्जित | - रु. १०००/– |
| प्रेमहीरा तुलाधर | - रु. ५००/– |
| निलन्ता शाक्य | - रु. ५००/– |

## धर्मकीर्ति पत्रिकालाई चन्दा

लोकेश्वर टोल जावलाखेल निवासी दाता मोतीलाल शिल्पकारले धर्मकीर्ति पत्रिकालाई रु. ५००/– चन्दा प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको छ। धर्मकीर्ति पत्रिका दातापरिवारको आयु आरोग्य कामना गर्दै साधुवाद व्यक्त गरेको छ।

**"सुनारले अलि–अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले पनि अलि–अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ।"** - *धम्मपद*

# धर्मकीर्ति विहारका शाखा विहारहरू लगायत अन्य इकाईहरूको आ.व. २०७६/०७७ को वार्षिक प्रगति प्रतिवेदनहरू –

## निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू आ.व. २०७६/०७७ को वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- अमृतमान ताम्राकार*
*निमित्त सचिव, निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू ।*

१) विहारका संस्थापक श्रद्धेय धर्मचारी गुरुमांको पुण्य तिथिसँग मिलाई प्रत्येक महिनाको कृष्ण त्रयोदशीका दिन बिगत साँढे दुई दशकदेखि सञ्चालन गरिएको मासिक बुद्धपूजा तथा भोजनदान कार्यक्रम अविछिन्न रुपमा सम्पन्न ।

२) विहारको वार्षिक कार्य सूचीमा रहेका अन्य कार्यक्रमहरू मध्ये प्रत्येक महिनाको ७ गते आनन्दकुटी विहारका भिक्षु महासंघलाई विहारमा निमन्त्रणा गरी गरिने संघदान, जेष्ठ पूर्णिमाको मध्यरातमा महासमय सुत्त पाठ, २०७६ को बालाचतुर्दशीका दिन दिनभरी मेत्त सुत्त पाठ, जलपान तथा भोजनदान आदि विहारको नियमित कार्यक्रम विगतमाझैं सम्पन्न भयो ।

३) पूजाको सिलसिलामा बिगत १६ वर्षदेखि पूज्य भिक्षुणी धम्मवती गुरुमांको शुभजन्मोत्सवको उपलक्ष्यमा गुरुमांको सु-स्वास्थ्य एवं आयुआरोग्यको कामना गरी २०७७ असोज ८ देखि १० सम्म ३ दिन लगातार पट्ठानपालिको पाठ, संक्षिप्त धर्मदेशना तथा जलपान भोजनदानको कार्यक्रम सम्पन्न । नेपालमा दुर्लभ पट्ठानपालि पाठ श्रवणगर्न विगत वर्षहरूमा २०० देखि ३०० जना उपासकउपासिकाहरूको सहभागिता हुन्थ्यो । तर यस वर्ष विश्वव्यापी कोरोनाकहरको कारण सुरक्षाकवचका साथ विहानको एकसत्र मात्र सिमित सहभागिहरू बिच पट्ठानपाठ सम्पन्न भयो । साथै यस वर्षको कार्यक्रममा विहारका आवासिय गुरुमांहरू प्रमुख वसुन्धरा विहार, पाटनका गुरुमांहरू र आनन्दकुटी विहारका भन्तेहरू सहभागी हुनुभएका थिए ।

४) यस वर्ष बौद्ध जगतको लागि ठूलो पिडादायी घटना नेपालका सातौं संघनायक डा. ञाणपूर्णिक महास्थविर दिवंगत हुनु भएकोले श्रद्धेय भन्ते प्रति श्रद्धाञ्जली स्वरुप मिति २०७७/०४/१० का दिन यस विहारको बुद्ध हलमा गुणानुस्मृती सभा सम्पन्न भयो ।

५) चालु वर्ष २०७७ सालमा सञ्चालन गर्ने योजनाहरू कोरोनाकहरले गर्दा नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनको निर्देशन अनुसार सामाजिक दूरी र सिमित संख्यामा भेलाभई बुद्ध पूजा आदि धार्मिक कार्यक्रमहरू सम्पन्न भयोभने केही पूर्व निर्धारित कार्यक्रमहरू कोरोनामहामारी मत्थर भएपछि गर्ने गरी हाललाई स्थगित गरिएको छ । स्थगित कार्यक्रमहरू मध्ये बु.सं. २५६३ को (वि.सं. २०७६) बौद्ध परियत्ति परीक्षामा यस निर्वाणमूर्ति परियत्ति शिक्षा केन्द्रबाट सामिलभई उत्तीर्ण २९ जना परिक्षार्थीलाई प्रदान गरिने पुरस्कार वितरण समारोह तथा विगत वर्षहरूझैं महाथेरीहरू (गुरुमां) लाई पूजा गरि सम्मान गर्ने महाथेरी पूजाको लागि आवश्यक सबै सामाग्रीहरू तयारी भइसकेको हुँदा उपयुक्त सुरक्षा व्यवस्था मिलाई तिहार लगत्तै सम्पन्न गरिने भएको छ ।

६) यसवर्ष विहार संरक्षण समितिको प्रत्येक महिनाको २ गते हुने कार्य समितिको बैठक कोरोनाको कारण भाइवर र जुमबाट भइरहेको छ ।

७) आजको यस भेलामा कोविदको कारण शुरुका दिनहरूमा लकडाउनका कारण विहारका आवासिय गुरुमांहरूलाई भोजन तथा अन्य राहतका वस्तुहरू दानदिन आउने उपासकउपासिका स्थानिय वडाका म.न.पा. १५ तथा काठमाडौं महानगरपालिका परिवार प्रति साधुवाद व्यक्त गर्दछौं ।

❀

## सुलक्षणकीर्ति विहार, चोभार आ.व. २०७६/२०७७ को वार्षिक प्रगति प्रतिवेदन

१) २०७६ साल श्रावण १ गते भिक्षुणी डा. अनोजा गुरुमांको जन्म दिनको उपलक्ष्यमा जलपान, भोजन दान ।

२) श्रावण ३ गते अनाथ आश्रम चोभारका लागि

आर्थिक सहयोग ।

३) श्रावण ९ गते श्रीघः स्थित प्रभात विद्यालयमा केही छात्रछात्राहरूलाई छात्रवृत्ति प्रदान ।

४) भदौ ७ गते कुलेश्वर विहारमा बुद्धपूजा तथा धर्मदेशना ।

५) भदौ १५ गते देखि भदौ २० गतेसम्म सुर्खेतमा बुद्धधर्म प्रचारप्रसार, स्वास्थ्य शिविर तथा सामुदायिक विद्यालयका छात्रछात्राहरूलाई कापी, कलम र लत्ताकपडा वितरण ।

६) आश्विन ४ गते ४० जना अनाथ बालबालिकाहरूलाई जलपान भोजन दान ।

७) आश्विन १२ गते विपश्यना बुढानिलकण्ठका ध्यानगुरु मदन तुलाधरज्यू प्रति हार्दिक श्रद्धाञ्जली कार्यक्रम ।

८) आश्विन २२ गते ढल्पामा बुद्धपूजा, धर्म देशना, जलपान तथा भोजन दान कार्यक्रममा २०० जनाको उपस्थित ।

९) आश्विन २७ गते हुम्लाबाट आएका १० जना बालिकाहरूलाई (गुरुमां) प्रवजितका साथै बुद्धपूजा, परित्राण, जलपान, भोजन गराएको ।

१०) हरेक वर्षको कतिं पूर्णिमा देखि सकिमना पूर्णिमा अर्थात् कार्तिक महिना ध्यान, बुद्धपूजा, परित्राण, जलपान, भोजन कार्यक्रम ।

११) श्रद्धेय डा. अनोजा गुरुमांको ५० औं प्रव्रजित दिनको अवसरमा कार्तिक ३० गते देखि मंसिर ७ गतेसम्म ऋषिणी प्रव्रज्या गुरुमांहरूबाट बेलुका अभिधर्म पाठ भन्तेहरूबाट महापरित्राण पाठ तथा विहारमा पाल्नुहुने सम्पूर्ण उपासक उपासिकाहरूलाई जलपान भोजनको व्यवस्था गरिएको थियो ।

१२) माघ १५ गते देखि फाल्गुन १ गतेसम्म बर्मा थाईल्याण्ड भ्रमण गराएको थियो । उक्त भ्रमणमा १७ जना उपासकोपासिकाहरू सहभागी भएका थिए ।

१३) फाल्गुण २५ गते देवदहमा बुद्धपूजा कार्यक्रम ।

१४) २०७७ साल बैशाख पूर्णिमाको अवसरमा ४० जना अनाथ बालबालिका सहित उपासकोपासिकाहरूलाई बुद्धपूजा परित्राण, धर्मदेशना, जलपान तथा भोजन दान ।

१५) चैत्र १७ गते देखि २ महिनासम्म लगातार facebook Live मार्फत दिनको एक घण्टा धर्मदेशना ।

१६) आषाढ १ गते, बौद्ध परियत्ति परीक्षा दिने विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो साथै जलपान भोजन पनि गराएको थियो ।

१७) प्रत्येक वर्ष प्रत्येक महिनाको दुई पटक प्रतिपदा (पारु) बुद्धपूजा परित्राण, धर्म देशना, जलपान तथा भोजन दान कार्यक्रम गरिएको हुन्छ ।

*प्रस्तुती- भिक्षुणी डा. अनोजा गुरुमां*
*सुलक्षणकीर्ति विहार, चोभार, कीर्तिपुर*

❀

## श्रद्धाकीर्ति विहार चःमति
## आ.ब. २०७६/०७७ वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- श्रद्धाचारी गुरुमां*

चःमति स्थित श्रद्धाकीर्ति विहारको पहिलो तल्ला र दोस्रो तल्ला निर्माण सम्पन्न भएको छ । प्रथम तल्ला श्रद्धालु दाताहरूको चन्दा सहयोग लगायत म स्वयंको तर्फबाट निर्माण भएको छ भने दोस्रो तल्ला काठमाडौं महानगर पालिकाको सहयोगबाट निर्माण भएको छ ।

❀

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको वार्षिक प्रगति प्रतिवेदन
## २०७६ भाद्र देखि २०७७ भाद्र

*प्रस्तुती- लोचनतारा तुलाधर, सचिव (ध.बौ.अ.गो.)*

१) भिक्षु पञ्ञासार, भिक्षु समित, देवकाजी शाक्य, मदनरत्न मानन्धर, डा. त्रिरत्न मानन्धर, डा. रीना तुलाधर, उर्मीला मानन्धर आदिबाट अभिधर्म, मज्झिम निकाय अंगुत्तर निकाय, विशुद्धि मार्ग, दीघनिकाय आदि विषयमा कक्षा सञ्चालन ।

२) २०७६ मंसिर १४ गते, शनिवार श्रद्धेय धम्मवती गुरुमांको ८६ औं जन्मोत्सवको उपलक्ष्यमा निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न । यसमा प्राप्त नतीजा यसरी रहेको थियो –

क) जेन्युइन सेकण्डरी स्कूल, भक्तपुर - प्रथम
ख) एभरेष्ट इङ्गलिस स्कूल, भक्तपुर - द्वितीय
ग) यशोधरा माध्यमिक विद्यालय - तृतीय

घ) अन्नपूर्ण माध्यमिक विद्यालय - सान्त्वना

यस कार्यक्रमका लागि पुरस्कार प्रायोजकहरू –

श्रद्धेय धम्मवती गुरुमां - प्रथम पुरस्कार, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारका प्रायोजक दाताहरू - राज शिरोमणि, मोहिणी तुलाधर, रसवन्ती कंसाकार, सरोज मानन्धर आदि। यस कार्यक्रममा संयोजक मचाकाजी महर्जन हुनुहुन्थ्यो।

३) २०७६ माम ४ गते, शनिवार –

ललितपुरको श्री सुमंगल विहारमा श्रद्धेय पञ्ञासार भन्तेबाट निर्देशित एकदिने ध्यान शिविरमा अध्ययन गोष्ठीका सदस्यहरू सहभागी हुनुभएका थिए। यस कार्यक्रममा संयोजिका रमा कंसाकार हुनुहुन्थ्यो।

विश्वमा फैलिरहेको कोविड १९ महामारीको कारणले गोष्ठीले आयोजना गर्दै आएको अल्पकालिन श्रामणेर / ऋषिणी प्रव्रज्या र वार्षिक भेला कार्यक्रम सञ्चालन हुन सकिएन। २०७७ सालमा सञ्चालित धम्मवती गुरुमांको ८७ औं जन्मोसत्सवमा पनि अन्य कुनै कार्यक्रम सञ्चालन गर्न सकिएन। गोष्ठीको तर्फबाट गुरुमांलाई प्रदान गर्दै आइरहेको रु. ३०००/- मात्र दान गरिएको छ।

*<u>नोट</u>- २०७७ कार्तिक १५ गते, शनिवार देखि Google Net मार्फत गोष्ठीको कक्षा सञ्चालन गरिएको छ।*

❀

## धर्मकीर्ति स्वास्थ्य कमिटी

*प्रस्तुती- संयोजक रोशनकाजी तुलाधर*

वि.सं. २०७६ श्रावण १ गते देखि २०७७ असार मसान्तसम्मको धर्मकीर्ति स्वास्थ्य कमिटी अन्तरगत सम्पन्न गरिएका कार्य विवरण निम्नानुसार भएको जानकारी गराउँदछौं।

१) वि.सं. २०७६/०६/०२ मा श्रद्धेय चमेली गुरुमांलाई हस्पिटल भर्ना हुनु भएकोमा स्वास्थ्य उपचार खर्चस्वरुप रु. ३०,०००/- अक्षरेपी तीसहजार रुपियाँ उपलब्ध गराएको।

२) शनिवारीय क्लिनक तथा रक्तदान कार्यक्रम यो वर्षमा कोरोना संक्रमणको महामारी तथा लकडाउनले गर्दा सञ्चालन हुन सकेन। हालै केही महिना क्लिनिक सेवा दिइएको छ।

३) स्वयम्भू किम्डोलस्थित स्वास्थ्य केन्द्र भवन सञ्चालनार्थ आवश्यक तयारीका निम्ति भवन विभागका प्रमुख लगायत पदाधिकारीहरूसित २०७७ भाद्रमा भवनको निरीक्षणका साथै बाँकी कामहरू यथासिघ्र सम्पन्न गर्न विशेष पहल भयो।

❀

## धर्मकीर्ति मासिक पत्रिका
## वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- ध्रुवरत्न स्थापित*

धर्मकीर्ति विहारको मुखपत्रको रुपमा धर्मकीर्ति विहारबाट प्रकाशन भइरहेको धर्मकीर्ति मासिक पत्रिका २०७७ कार्तिक महिना भित्र वर्ष ३७, अङ्क ११ सम्म प्रकाशन भएको छ। यस अवधिसम्म विशेष सदस्य संख्या - ८९६ पुगेको छ।

वर्ष ३७ अङ्क देखि ११ सम्मको लागि वार्षिक सदस्य संख्या १००० जना छन्।

यस पत्रिकाका प्रकाशक तथा विशेष सल्लाहकार श्रद्धेय धम्मवती गुरुमांबाट रु. दुईलाख र धम्मविजया गुरुमांबाट रु. ५०,०००/- जन्मोत्सववको उपलक्ष्यमा प्रत्रिकाको लागि चन्दा प्रदान गर्नुभएका छन्। विमला मानन्धरबाट रु. ५००/-, नातीबाट रु. २०००/-, मोतीलाल शिल्पकारबाट रु. ५००/-, हेरादेवी तुलाधरबाट रु. १०००/- आदि र अन्य विभिन्न दाताहरूको तर्फबाट पनि चन्दा प्रदान गर्नुभई यस पत्रिकालाई सहयोग प्रदान गर्नुभएका छन्। वि.सं. २०७६ मा कूल रु. २,९०,१३७/१७ रकम जम्मा भएको छ। श्रद्धेय धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा असार पूर्णिमा अङ्कको कभर रङ्गीन छपाउनको लागि रु. ३,००,०००/- एक्सप्रेस सेभिङ्ग एण्ड कोअपरेटिभमा अलग्ग कोष स्थापनार्थ पहिलाको कोषबाट झिकिएको जानकारी पनि दिइएको छ।

❀

## धर्मकीर्ति शिक्षा सदन, आनन्दकुटी
## आ.व. २०७६/०७७ को वार्षिक प्रगति
## प्रतिवेदन

वि.सं. २०६५ धर्मकीर्ति विहारको सदस्यहरू मिली धर्मकीर्ति शिक्षा सदनको स्थापना गरिएको थियो। वि.सं.

२०७० सालदेखि धर्मकीर्ति शिक्षा सदन, आनन्दकुटी विद्यापीठ स्कूलमा मर्ज गरी सञ्चालन गरिएको थियो। वि.सं. २०७७ साल देखि श्रीमती कीर्ति तुलाधरबाट यस शिक्षा सदनको कार्यभार श्रीमती दीना कंसाकारलाई हस्तान्तरण गरिएको जानकारी गराउँदछौं।

वि.सं. २०७७ को नयाँ सत्रदेखि कक्षा १ देखि कक्षा ३ सम्म संयोजनको लागि यस धर्मकीर्त शिक्षा सदनको आनन्दकुटी विद्यापीठ व्यवस्थापनतर्फबाट कार्यभार सुम्पिने निर्णय भएको जानकारी पनि गराउँदछौं। तर हाल विश्वमा भइरहेको कोविड-१९ को कारण कक्षा सञ्चालन हुन नसकी यस कार्य स्थगित भइरहेको अवगत गराउँदछौं।

यस धर्मकीर्ति शिक्षा सदनमा भएका सरसामान शाक्यधिता नेपालको कार्यालयको लागि र धर्मकीर्ति प्रव्रज्या शिविरको लागि प्रदान गर्ने निर्णय भएको छ।

आगामी नयाँ सत्रमा प्राइमरी सेक्सन सुसञ्चालन हुने आशा व्यक्त गर्दछौं।

यस सूचना प्रवाह गर्न पाएकोमा हामी यस शिक्षा सदन तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछौं।

❀

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको वार्षिक प्रगति प्रतिवेदन
## आ.व. २०७६/०७७

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले विभिन्न धार्मिक कार्यक्रममा भाग लिई भजन प्रस्तुत गरिएको छ जुन यस प्रकार उल्लेखित छन्।

| क्र.सं. | मिति | स्थान | निमन्त्रणा गर्ने दाता | विषय | आम्दानी | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७६-४-३ | धर्मकीर्ति विहार | धर्मकीर्ति विहार परिवार | धम्मवती गुरुमांको ८७ औं जन्मोत्सव | रु. ५०००/- | रु. १२,१३०/- | |
| २ | २०७६-४-२३ | जमल मैत्री बोधिसत्व विहार | सानुकेशरी अष्टरत्न, संघरत्न, कमलरत्न | बुद्ध पूजा | रु. ३०००/- | रु. ५००/- | |
| ३ | २०७६-५-१४ | बुद्ध विहार | भिक्षु कौण्डञ्ञ | भजन प्रस्तुत | रु. ५०००/- | रु. १,०५०/- | |
| ४ | २०७६-५-२० | जमल मैत्री बोधिसत्व | श्रीमान् / श्रीमती प्रविण बज्राचार्य | बुद्ध पूजा | - | रु. ५००/- | |
| ५ | २०७६-५-२१ | शिखलापुर विहार | - | बुद्ध पूजा भजन प्रस्तुत | रु. ५६,८००/- | रु. ५१,५००/- | रु. ५,३००/- कोषमा दाखिल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | २०७६-६-१९ | मैत्री बोधिसत्व विहार, जमल | प्रभावती स्थापित | बुद्ध पूजा, भजन प्रस्तुत | - | रु. ५००/- | |
| ७ | २०७६-७-१८ | मैत्री बोधिसत्व विहार, जमल | पद्म ज्योति रुप ज्योति | बुद्ध पूजा, भजन प्रस्तुत | - | रु. ५००/- | |
| ८ | २०७६-८-५ | सुलक्षणकीर्ति विहार, चोभार | डा. अनोजा गुरुमां | गुरुमांको प्रव्रज्या वर्ष (५० औं) | - | रु. २,५००/- | |
| ९ | २०७६-८-१८ | मैत्री बोधिसत्व विहार, जमल | सुवर्ण केशरी चित्रकार | बुद्ध पूजा, भजन | रु. ५०००/- | रु. ५००/- | |
| १० | २०७६-८-२५ | आनन्दकुटी विहार | रामेश्वरी महर्जन | दानमाया महर्जनको ८० औं जन्मोत्सव महापरित्राण, पाठ | रु. ३,०८०/- | रु. २,०५०/- | |
| ११ | २०७६-९-१८ | मैत्री बोधिसत्व विहार, जमल | श्याममान बज्राचार्य | बुद्धपूजा, भजन | रु. ५,०००/- | रु. ५०/- | |
| १२ | २०७६-१०-१९ | मैत्री बोधिसत्व विहार, जमल | कान्छीमाया शाक्य | बुद्धपूजा, भजन | - | रु. ५००/- | |
| १३ | २०७६-११-२० | मैत्री बोधिसत्व विहार, जमल | दानकेशरी समूह | बुद्धपूजा, भजन | रु. ३,०००/- | रु. ५००/- | |

## धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक प्रतिवेदन
## (२०७६ श्रावण – २०७७ असार)

*प्रस्तुती- प्रफुल्ल कमल ताम्राकार*

१) वि.सं. २०७६ श्रावण देखि २०७७ असार मसान्त सम्म एकवर्ष सम्मको कार्यकारिणी समितिको बैठक १४ पटक सम्पन्न । आज २०७७ मंसिर १३ गते, शनिवार वार्षिक साधारण सभा सञ्चालन भयो ।

२) २०७६ श्रावण १ गते, बुधवार धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष, विहार प्रमुख शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ८६ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्म पाठ एवं धर्मदेशना कार्यक्रम सम्पन्न ।

३) २०७६ श्रावण २ गते, बिहिवार महायानी गुरुहरूबाट र बज्रयानी गुरुजु, गुरुमाजुहरूबाट श्रद्धेय धम्मवती गुरुमांको निरोगी एवं सुस्वास्थ्य कामना गरी मंगलपाठ एवं सप्तविधानुत्तर पूजा, बोधिचित्तोत्पाद र अपरिमिता आयु धारणी पाठ र धर्मदेशना सम्पन्न ।

उक्त साप्ताहिक कार्यक्रममा निमन्त्रित सबै भन्ते गुरुमांहरू, गुरुजु गुरुमांजुहरू लगायत लामागुरुहरूलाई श्रद्धेय धम्मवती गुरुमांबाट दान प्रदान गर्नुभएको थियो ।

४) २०७६ श्रावण २ गते, बिहिवार श्रद्धेय

धम्मवती गुरुमांको ८६ औं जन्मोत्सवको उपलक्ष्यमा पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठ र उपमेयर श्रीमती हरीप्रभा खड्गी श्रेष्ठबाट श्रद्धेय गुरुमांलाई शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

५) २०७६ श्रावण २५ गते, शनिवार नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा अखिल नेपाल भिक्षु महासंघको आयोजनामा नेपालका सातौं संघनायक अखिल नेपाल भिक्षु महासंघका संरक्षक "अग्गमहापण्डित सासनधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बुद्ध शासनिक योगदान स्मरण गरी विभिनन विहार मध्ये धर्मकीर्ति विहार र संघसंस्थाहरूको सहभागितामा उहाँ भन्तेको ससम्मान अभिनन्दन गरियो । यस कार्यक्रममा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

६) २०७६ श्रावण २७ गते, सोमवार धर्मकीर्ति विहारको धम्महल । दिवंगत दाता मणिहर्ष, केशरी लक्ष्मी कंशाकार लगायत अन्य दिवंगत हुनुभएका परिवारका सदस्यहरूको पुण्यस्मृतिमा उहाँहरूका पुत्र र बुहारीहरू पद्म ज्योति - मीरा ज्योति, रुप ज्योति - वीणा ज्योति, पुत्रीहरू- प्रभा, पूर्णशोभा र कमला सहित सबै परिवारका सदस्यहरूको तर्फबाट धर्मकीर्ति विहारका उत्तरपट्टी रहेको ५ आना जग्गाको लालपूर्जा विहारको संस्थापक अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांलाई हस्तान्तरण गरी सश्रद्धा दान गर्नुभएका थिए ।

७) २०७६ आश्विन ४ गते, शनिवार श्रीलंकाका महामहिम राजदूत, श्रद्धेय धम्मवती गुरुमांको आशीर्वाद ग्रहण गर्नको लागि धर्मकीर्ति विहारमा पाल्नु भएको थियो । उहाँको कार्यकाल समाप्त भएको कारण उहाँ आफ्नो स्वदेश फर्कन लाग्नुभएको थियो ।

यही दिन स्वयम्भू देखि नमोबुद्ध सम्म पैदल यात्रा गर्नका लागि आउनु भएका उपासक उपासिकाहरूलाई धर्मकीर्ति विहारमा स्वागत गरी जलपान गराइएको थियो ।

८) २०७६ आश्विन ३ गते, शुक्रवार । धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष भिक्षुणी चमेली गुरुमांको सिघ्र सुस्वास्थ्य कामना गरी धर्मकीर्ति विहार संरक्षण कोषबाट रु. २०,०००/- र धर्मकीर्ति स्वास्थ्य कमिटीको तर्फबाट रु. ३०,०००/- गरी जम्मा रु. ५०,०००/- स्वास्थ्य उपचार खर्च सश्रद्धा दान गरियो ।

९) २०७६ आश्विन ५ गते, आइतवार अष्टमी । धर्मकीर्ति विहारको आयोजनामा धर्मकीर्ति विहारको धम्महलमा विद्याधर आचार्य महायोगी श्रीधर शम्शेर राणा रिम्पोछेबाट बुद्ध शिक्षा सम्वन्धित विभिन्न ऐतिहासिक स्थानहरू बारे प्रवचन भएको थियो ।

१०) २०७६ आश्विन ११ गते, शनिवार, औंशी । विहान बुद्धपूजा कार्यक्रम सम्पन्न भएपछि का.म.न.पा. मेयर विद्या सुन्दर शाक्यबाट धर्मकीर्ति विहारको लागि टि.भि. लाइटको उपकरणहरू दान गरी पुण्य सञ्चय गर्नुभएको थियो । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा र मेयर श्री विद्यासुन्धर शाक्यको प्रमुख अतिथित्वमा सचिव प्रफुल्ल कमल ताम्राकारले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । उक्त कार्यक्रममा २५ वडाका वडा अध्यक्ष श्री नीलकाजी शाक्य र वडा सदस्य रमीता स्थापित पनि उपस्थित हुनुभएका थिए ।

११) २०७६ आश्विन ११ गते, शनिवार धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति विहार संरक्षण कोषको सोन्हौं वार्षिक साधारण सभा कोषका अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा सुसम्पन्न भयो ।

१२) २०७६ आश्विन २४ गते, शुक्रवार धर्मकीर्ति विहारको धम्महलमा दिवंगत वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमांको पुण्य स्मृतिमा भिक्षु, भिक्षुणी गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ सुसम्पन्न भएको थियो । धर्मकीर्त विहारको आयोजनामा भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा सञ्चालित उक्त कार्यक्रममा धर्मकीर्त पुलांपुचःको तर्फबाट जलपान, भोजन प्रायोजन गरिएको थियो भने रत्नमञ्जरी गुरुमां कोषबाट दानप्रदान गरी अन्य आवश्यक खर्च ब्यहोरिएको थियो ।

यहीदिन धम्मवती गुरुमांको तर्फबाट योगाम्बर गुठी सदस्यहरूलाई सम्मान पनि गरिएको थियो । स्मरणिय छ योगाम्बर गुठीको तर्फबाट भन्ते गुरुमांहरूको अन्त्येष्ठी कार्य श्रद्धापूर्वक सम्पन्न गरिँदै आइरहेको प्रशंसनिय कार्य भइरहेको छ ।

१३) २०७६ मंसिर ९ गते, सोमवार Buddha Tara Centre का प्रमुख His Holiness Buddha Maitreya र Her Holiness Mandarva Tara

California प्रमुख उहाँका अन्य ३० जना शिष्यहरूलाई धर्मकीर्ति विहारमा स्वागत गरी धर्मकीर्ति विहारका भिक्षुणी धम्मवती गुरुमां प्रमुख अन्य भिक्षुणी गुरुमांहरूको समूहबाट सामूहिक परित्राण पाठ गर्नुभएको थियो ।

१४) २०७६ मंसिर १ गते देखि ७ गते, शनिवारसम्म धर्मकीर्ति विहारको शाखा विहार शुलक्षणकीर्ति विहार चोभारका संस्थापक श्रद्धेय भिक्षुणी डा. अनोजा गुरुमां प्रव्रजित हुनुभएको ५० वर्ष भएको उपलक्ष्यमा धर्मकीर्ति विहारको तर्फबाट उहाँलाई अभिनन्दनपत्र प्रदान गरिएको थियो । प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूकी धर्मपत्नी राधीका शाक्यको प्रमुख अतिथित्वमा र भिक्षुणी अनोजा गुरुमांको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको तर्फबाट बुद्ध शासनिक क्षेत्रमा भिक्षुणी अनोजाले गर्नुभएको योगदानलाई कदर गर्दै उहाँलाई विशेष सम्मान गर्नुभएको थियो ।

१५) २०७६ मंसिर १० गते, मंगलवार धर्मकीर्ति विहार पुनःनिर्माण भएको १७ औं वर्ष पूरा भएको उपलक्ष्यमा पुनः निर्मित धर्मकीर्ति विहार भवनका दाता एवं धर्मकीर्ति विहार कोषका उपाध्यक्ष श्री द्रव्यमानसिं तुलाधर र उहाँकी धर्मपत्नी वसुन्धरा तुलाधर प्रमुख सपरिवारको तर्फबाट आयोजित विहारको जन्मोत्सव कार्यक्रम सम्पन्न गरियो । दाता परिवारको तर्फबाट निमन्त्रित भिक्षु भिक्षुणी गुरुमांहरूलाई र कोषका पदाधिकारीहरूलाई एवं अन्य उपासक उपासिकाहरूलाई जलपान भोजन प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

१६) २०७६ माघ १९ गते, आइतवार अष्टमी तिथिका दिन विहान ४:३० बजे ८२ वर्षको उमेरमा दिवंगत हुनुभएकी धर्मकीर्ति विहारका आवासिय गुरुमां संघवतीको पार्थिव शरीरलाई २०७६ माघ २० गते सोमवार धर्मकीर्ति विहारको धम्महलमा राखिएको थियो । त्यसपछि उहाँको पार्थिव शरीर अगाडि भिक्षु महासंघ एवं भिक्षुणी गुरुमांसंघको तर्फबाट सामूहिक परित्राण पाठ गरी पांशुकुल वस्त्र दान गरी उहाँको सुगती एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरियो। त्यहीदिन दिउँसो २ बजे शवयात्रा गरी योगाम्बर गुठीको तर्फबाट कर्णदीपमा दाह संस्कार पनि गरियो ।

१७) २०७६ फागुन २४ गते, शनिवार धर्मोदय सभा, धर्मकीर्ति विहार र युवक बौद्ध मण्डल नेपाल (YMBA) को संयुक्त तत्वावधानमा DAV School जावलाखेलमा कर्मस्थानाचार्य ध्यान गुरु श्रद्धेय भिक्षु प्रज्ञाश्रीज्यूको तर्फबाट "सम्यक दृष्टि" विषयमा धर्मदेशना सम्पन्न ।

१८) २०७६ चैत्र ४ गते मंगलवार अष्टमी । दिवंगत श्रद्धेय दो. गुणवती गुरुमांको गुणानुस्मरण र निर्वाण कामना गरी धर्मकीर्ति विहारमा भन्ते गुरुमांहरूलाई धर्मकीर्ति विहार संस्था कोषका पदाधिकारीहरूबाट सश्रद्धा पूर्वक भोजन दान ।

१९) २०७७ असार १६ गते, मंगलवार देखि असार २३ गते मंगलवार सम्म धर्मकीर्ति विहारका संस्थापिका शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा उहाँको निरोगी एवं सुस्वास्थ्य कामना गरी विभिन्न कार्यक्रमहरू सम्पन्न ।

कोरोना भाइरस जस्तो महामारी संसारभर फैलिएको कारणले विहारमा उपस्थित हुने सबै उपासक उपासिकाहरूलाई आआफ्नै घरमा रही हेर्ने र सुन्नको लागि बोधी टि.भि.को माध्यमबाट र धर्मकीर्ति फेसबुक पेजको माध्यमबाट उक्त कार्यक्रम प्रसारण गरिएको थियो ।

२०) २०७७ असार २० गते, शनिवार । पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठ र प्रधानमन्त्री के.पी. शर्मा ओलीकी धर्मपत्नी राधिका शाक्यको तर्फबाट श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ८७ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा गुरुमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुहुँदै दान प्रदान गर्नु भएका थिए । यही कार्यक्रममा प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट पठाइएको शुभकामना सन्देश श्री कृष्णगोपाल श्रेष्ठले पढेर सुनाउनु भएको थियो ।

२१) विभिन्न तिथि र मितिमा धर्मकीर्ति विहारको उत्तरपट्टि रहेको विस्तारित विहार निर्माणका लागि काठमाडौं महानगरपालिका र वडा नं. २५ संग विभिन्न कार्य सम्पन्न । यस निर्माण कार्यका लागि धर्मकीर्तिको विस्तारित भवन निर्माणार्थ उपभोक्ता कमिटी गठन गरियो ।

२१) आ.व. २०७५/२०७६ को धर्मकीर्ति विहारको व्यवस्थापन सम्बन्धी नियमित आयब्यय लेखा परिक्षण दर्ता नवीकरण इत्यादि कार्य सम्पन्न ।

# धर्मकीर्ति विहारमा बुद्धपूजा कमिटीको वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- इन्द्रकुमार नकर्मी*

धर्मकीर्ति विहारमा हरेक महिनामा ५ पटक (अष्टमी २ पटक, औंशी, पूर्णिमा, संक्रान्ति) गरी पर्व दिनहरूमा बुद्धपूजा र धर्मदेशना गर्ने कार्यक्रमलाई निरन्तरता दिइँदै थियो । तर २०७६ चैत्र ११ गते देखि नेपालमा पनि कोविड-१९ नामक कोराना भाइरस महामारीको कारणले लकडाउनको स्थिति श्रृजना गरियो ।

फलस्वरुप पहिला जस्तै धर्मकीर्ति विहारको धम्महलमा उपासक उपासिकाहरू भेला भई बुद्ध पूजा गरी धर्मदेशना सुन्ने मौका गुमाउनु पऱ्यो । त्यसैले उपासकोपासिकाहरूले आ-आफ्नै घरमा बसेर भए पनि बुद्धपूजा र धर्मदेशना श्रवण गर्न पाउन् भन्ने मनसायले धर्मकीर्ति संरक्षण कोषका सहकोषाध्यक्ष अरुणसिद्धि तुलाधरले फेसबुक मार्फत धर्म श्रवण गर्न पाउने गरी फेसबुक लाइभ र युट्यूबको तर्फबाट उक्त धर्मदेशना आ-आफ्नो घरमा आफ्नो परिवारका सदस्यहरूसँग बसी सुन्न पाउने मौका प्राप्त हुने व्यवस्था मिलाईदिनु भएको थियो । फेसबुक लाइभ प्रसारण कार्यमा धर्मकीर्ति विहारका गुरुमांहरू श्रद्धेय शुभवती, सुवण्णवती, अमता, क्षान्तिवती आदिले आवश्यक व्यवस्था मिलाउँदै पुण्य सञ्चय गरिरहनु भएको छ । फेसबुक मार्फत लाइभ धर्मदेशना प्रसारणमा निरन्तरता दिनको लागि आवश्यक आर्थिक सहयोग दिनुहुने उपासक उपासिकाहरूलाई साधुवाद दिन आवश्यक छ ।

यस आर्थिक वर्षमा तल उल्लेखित गुरुमांहरूको तर्फबाट बुद्धपूजा र धर्मदेशना गर्नुभएका छन् ।

| क्र. सं. | गुरुमांहरूको नाम | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|
| १ | धम्मवती गुरुमां | - | २० पटक |
| २ | चमेली गुरुमा | - | २ पटक |
| ३ | पञ्ञावती गुरुमां | ६ पटक | ३ पटक |
| ४ | जवनवती गुरुमां | २ पटक | २ पटक |
| ५ | केशावती गुरुमां | ५ पटक | ७ पटक |
| ६ | खेमावती गुरुमां | १२ पटक | ९ पटक |
| ७ | दानवती गुरुमां | ५ पटक | ५ पटक |
| ८ | त्यागवती गुरुमां | ७ पटक | ४ पटक |
| ९ | मेत्तावती गुरुमां | - | ३ पटक |
| १० | इन्दावती गुरुमां | ३ पटक | ४ पटक |
| ११ | वीर्यवती गुरुमां | ३ पटक | १० पटक |
| १२ | शुभवती गुरुमां | ४ पटक | ३ पटक |
| १३ | अमता गुरुमां | ३ पटक | ३ पटक |
| १४ | वण्णवती गुरुमां | ३ पटक | ३ पटक |
| १५ | सुवण्णवती गुरुमां | ४ पटक | ३ पटक |
| १६ | क्षान्तिवती गुरुमां | ४ पटक | ४ पटक |

*स्रोत- धर्मकीर्ति पत्रिका, वर्ष ३७, अङ्ग ५-११ र फेसबुक*

मिति २०७७ असार १६ देखि २३ सम्म श्रद्धेय धम्मवती गुरुमांको ८७ औं जन्मोत्सबको शुभ उपलक्ष्यमा भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो । लामा गुरुहरूबाट पनि मंगलपाठ गर्नु भएका थिए ।

यस कार्यक्रम उपासकोपासिकाहरूले आ-आफ्नो घरमा बसी फेसबुक लाइभबाट श्रवण गर्ने मौका प्राप्त गर्नु भएका थिए ।

यसपाली गुंला पर्वको एक महिने बुद्धपूजा कार्यक्रम २०७७ श्रावण ६ गते देखि भाद्र ४ गते सम्म भने प्रत्यक्ष प्रसारण गरिएन ।

मिति २०७६ कार्तिक २४ गते शुक्रवार श्रद्धेय रत्न मञ्जरी गुरुमांको पुण्यतिथिमा उहाँको पुण्यस्मृतिमा धर्मकीर्ति विहारका गुरुमांहरू र शाखा विहारका गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ गरिएको थियो ।

श्रद्धेय धम्मवती गुरुमांको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्म पाठ (२०७७ असार १६ देखि २३ सम्म) र धर्मदेशना सम्पन्न गरियो ।

धर्मदेशना गर्नुहुने भन्तेहरू –


१) भिक्षु धर्ममूर्ति  २) सयादो ऊ सुजनपिय ३) भिक्षु बोधिज्ञान  ४) भिक्षु कोण्डञ्य  ५) भिक्षु पञ्ञासार ६) भिक्षु निग्रोध  ७) भिक्षु पियदस्सी ।

भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा बुद्ध पूजा कार्यक्रममा सहभागी उपासकोपासिकाहरूले प्रत्येक पूर्णिमाको एकदिन अगाडि श्रीघः चैत्य परिसरमा सरसफाई गर्ने कार्यक्रम सञ्चालन भइरहेको थियो। कोरोना महामारीको कारणले यो कार्यक्रम सञ्चालन हुन सकेको छैन।

बुद्ध पूजा कार्यक्रममा सहभागी हुन नभ्याउने व्यक्तिहरूले घरमा नै रही बुद्ध शिक्षा अध्ययन गर्न पाउन् भन्ने मनसायले बुद्ध शिक्षाका पुस्तकहरू प्रकाशन गरी दान गर्ने कार्यक्रम पनि सञ्चालन गर्दै आइरहे अनुसार यसपाली धर्मकीर्ति विहारबाट यी दुई पुस्तकहरू प्रकाशन भएका छन् –

१) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ र निदान)
दाताः बुद्धदेवी मानन्धर सपरिवार।
प्रकाशन मितिः २०७६।

२) गृही विनय (पाँचौं संस्करण)
दिवंगत रत्नवीर सिं र इन्द्रशोभा शाक्य सपरिवार
प्रकाशन मितिः २०७६ माघ। ❀



# धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र कमिटी
## (वार्षिक प्रगति विवरण)

२०७६/२०७७

*प्रस्तुती- केशावती गुरुमां*

धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट परियत्ति परिक्षा सम्पन्न गरी उक्त परिक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरू जम्मा ८५ जना छन्।

कक्षा १ देखि १० सम्मका उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण समारोह कार्यक्रम सञ्चालन गरी पुरस्कार वितरण गरियो।

काठमाडौं महानगरपालिकाका मेयर श्री विद्यासुन्दर शाक्यबाट धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रको लागि आवश्यक टेबल, मेच, ल्यापटप र कम्प्यूटर प्रदान गरी सहयोग गर्नुभएको छ।

भिक्षुणी धम्मवती गुरुमांले यसपाली उत्तिर्ण भएका सबै विद्यार्थीहरूलाई लुम्बिनी मायादेवी मन्दिर अंकित चाँदीको फ्रेम पुरस्कार प्रदान गर्नुभको थियो।

❀

# धर्मकीर्ति बौद्ध तीर्थयात्रा कमिटी
## (वार्षिक प्रगति प्रतिवेदन)

*प्रस्तुती- केशावती गुरुमां*

२०७६ पौष महिनामा बर्मा र थाइलैण्ड देश भ्रमण गरियो।

धर्मकीर्ति विहारको उपासक उपासिकाहरू लगायत पञ्ञावती गुरुमां र केशावती गुरुमां समेत गरी जम्मा ४० जना यात्रु समूहले बर्माको रंगुन, स्वेदगों, च्याइथियू, वगान, नपिदो, माण्डले स्थित महामुनीफया आदि स्थानमा दर्शन गरियो।

यसरी नै थाइलैण्डको गोल्डेन टेम्पल, फतयाकत विहारहरू, सफरीवर्ल्ड, बुद्धमण्डल आदि गरी कूल १५ दिनको भ्रमण यात्रा पूरा गरी नेपाल फर्किको थियो।

❀




# बुद्ध मूर्ति



*शिल्पकार परिवारबाट चित्रवन विहारको लागि बुद्ध प्रतिमा दान गरिदंदै*

नारायणघाट स्थित चित्रवन विहारको लागि दाता मोतिलाल शिल्पकार, कृष्ण लक्ष्मी शिल्पकार प्रमुख सपरिवार लोकेश्वर टोल, जावलाखेलको तर्फबाट बुद्ध प्रतिमा दान गरी पुण्य सञ्चय गर्नुभएको समाचार छ। यस दान कार्यक्रममा अमरावती गुरुमां र धम्मचारी गुरुमांबाट बुद्ध पूजा र परित्राण पाठ कार्यक्रम सम्पन्न भएको विषयलाई पनि प्राप्त समाचारमा उल्लेख गरिएको छ।


बुद्ध जन्मभूमि लुम्बिनी तस्विर, ई.सं. १९७०

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com